वर्ष : १७, अंक : २६, काठमाडौं, २०७८ असोज २२ गते शुक्रबार, 8 October 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## ‘लोसपा सरकारमा जाँदैन’

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफ्नो पार्टी सरकारमा सहभागी नहुने स्पष्ट पारेका छन् । उनले वर्तमान सरकारमा पार्टीको सहभागीताबारे आफ्नो पार्टीमा अहिलेसम्म कुनै निर्णय नभएको पनि स्पष्ट पारे । बाराको कलैयामा बिहीबार लोसपाको जिल्ला पार्टी कार्यालयको उद्घाटन गर्दै अध्यक्ष ठाकुरले भने ,‘सरकारमा जाने बारेमा अहिलेसम्म पार्टीले कुनै निर्णय नै गरेको छैन ।’ प्रधानमन्त्री शेरबहादुर देउवाबाट सरकारमा सहभागिताको लागि औपचारिक आग्रह पनि नआएको ठाकुरले स्पष्ट पारे । अध्यक्ष ठाकुरले, ‘उपेन्द्र यादवले नै जसपा पार्टी फुटाएका हुन । उपेन्द्रले पार्टीको विवाद निर्वाचन आयोगमा लगेर जसपा फुटाए ।’ कार्यक्रममा लोसपाको प्रदेश २ का संसदीय दलका नेता जितेन्द्र सोनलले प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको रवैयाका कारण संघीयता नै धरापमा परेको आरोप लगाए । प्रदेश २ का पूर्वमन्त्री समेत रहेका सोनलले भने, ‘मुख्यमन्त्री कार्यालयमा भएको भ्रष्टाचारबारे अख्तियारले छापा मार्दा संघीयता कमजोर हुने होइन बरु मुख्यमन्त्रीको अहिलेको रवैयाले संघीयता धरापमा परेको छ ।’ उनले मुख्यमन्त्री राउतले मधेश र मधेशी जनताको भावना विपरित गतिविधि संचालन गरिरहेको आरोप समेत लगाए । लोसपाका नेता समेत रहेका जिल्ला समन्वय समिति बाराका प्रमुख नवलकिशोर सिंहको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधिसभा सदस्य एकबाल मिया, लोकतान्त्रिक समाजवादी विद्यार्थी संघ बाराका अध्यक्ष सन्तोष यादव लगायतको पनि सहभागिता थियो ।

## जसपाले पायो चार मन्त्रालय

काठमाडौं । जनता समाजवादी पार्टी, नेपाल (जसपा)ले चार वटा मन्त्रालय लिएर सरकारमा सहभागी हुँदैछ । मंगलबार बसेको जसपाको संसदीय दलको बैठकले सरकारमा जाने औपचारिक निर्णय गर्दै चार मन्त्रालयको नेतृत्व गर्ने मन्त्रीहरुको विषयमा छलफल गरेको छ । बैठकपछि नेता राजकिशोर यादवले आफ्नो पार्टीले चार वटा मन्त्रालय पाएको र पार्टीले मन्त्रीहरुको टुंगो लगाउने जानकारी दिए । जसपाले भौतिक पूर्वाधार, कृषि विकास मन्त्रालय, संघीय मामिला र वन मन्त्रालय पाएको छ । पार्टीमा मन्त्री बन्ने आकांक्षीहरु धेरै भएकोले कसलाई सरकारमा पठाउने भन्नेबारे बैठकमा निर्णय भएको छैन । वर्तमान सरकारमा अध्यक्ष यादव आफै सहभागी नहुने भएका छन् ।

# दशैंको मुखमा चीनको नाकाबन्दी !

## चीनले कूटनीति एवम् स्वार्थनिहित तरिकाले नेपालीलाई सताउँदैछ

**मधेशवाणी डेस्क**

काठमाडौं । दसैंको सामान बोकेका हजार बढी कार्गो कन्टेनर चीनको स्वायत्त क्षेत्र तिब्बतको खासामा रोकिएका छन् । नेपाल आउन लागेका ती कार्गो कन्टेनर चीनले बिना कारण रोकेको व्यापारीहरूले बताएका छन् ।

खास गरी हुम्लामा चीनसँगको सीमा विवादको अध्ययन गर्न समिति गठन गरेयता नै चीनले अनेकौं किसिमले सरकारमाथि दबाब बढाउन सुरु गरेको छ । सीमा विवाद अध्ययन समिति गठन नै हुन नदिन चिनियाँ पक्षले केही नेताहरूसँग लबिङसमेत गरेको थियो ।

समिति गठन भएपछि चीनले सीमा विवाद अध्ययन गर्न नदिनका लागि समेत कूटनीतिक वृत्तमा अनेक चाल चालेका थिए । नेपाली काँग्रेस नेतृत्वको गठबन्धन सरकारले गठन गरेको समितिले हुम्लाको सीमा विवाद अध्ययन गरेर प्रतिवेदन समेत गृह मन्त्रालयलाई बुझाएको छ ।

अध्ययन टोलीले सीमामा समस्या रहेको निष्कर्ष निकालेको छ । चीनले भूमि मिचेको देखियो भने चीनका लागि अन्तर्राष्ट्रिय रूपमै यो ठूलो लज्जाको विषय बन्नेछ ।

यो विषय ढाकछोप गर्नकै लागि चिनियाँ पक्षले अनेकौं किसिमले सरकारमाथि दबाब बढाइरहेका बेला नाकामा दसैंका लागि भित्रिरहेको सामान नै ठप्प पार्न खोजेको छ ।

कपडा, बिजुलीको सामान, स्याउ, लसुन, र दसैंका लागि अन्य सामान बोकेका कार्गो कन्टेनर अहिले खासाबाट नेपाल छिर्न नदिँदा व्यापारीहरूको सामान अलपत्र पारिएको छ । चीनले त्यहाँबाट नेपाल सामान ल्याउन सधैं समस्या दिँदै आउने गरेको व्यापारीहरूको गुनासो छ । खास गरी सर्वसाधारणको विषयलाई कूटनीति एवम् स्वार्थनिहित तरिकाले जोडेर चीनले सताउने गरेको देखिन्छ ।

दसैंका लागि नेपाली व्यापारीले खरिद गरेका सामान बोकेर चीनको गोन्जाउ सहरबाट नेपालतर्फ हिँडेका करिब आठ सय गाडी उत्तरी सीमावर्ती चिनियाँ क्षेत्रमा रोकिएका छन् । कोभिडका कारण चिनियाँ पक्षले तातोपानी र



केरुङ नाकाबाट थोरै गाडीमात्र पास गरेकाले सामान अड्किएका हुन् ।

कोभिड सुरु हुनअघि दैनिक करिब दुई सय ५० मालवाहक गाडी नेपाल भित्रिने केरुङ नाकाबाट अहिले मुस्किलले नौ गाडीसम्म आउने गरेको अवस्था छ । त्यसैगरी, तातोपानी नाकाबाट पनि सोही हाराहारीमा सामान आयात भइरहेको छ ।

भूकम्पका बेला बन्द भएको तातोपानी नाका अझैँ पूर्ण रूपमा सञ्चालनमा आएको छैन । अहिले चीनले दैनिक एक दर्जन भन्दा पनि कम कन्टेनर मात्रै दिनहुं नेपाल छिर्न दिने गरेको छ ।

लाइनमा बसेका सयौं कन्टेनर नेपाल आइपुग्न धेरै समय लाग्ने देखिन्छ । यसो हुँदा लोड गरिसकिएका सामान सबै काम नलाग्ने हुने व्यापारीहरूको चिन्ता छ । वाणिज्य दूतावास ल्हासाका वाणिज्यदुत नवराज ढकालले थप कन्टेनर प्रवेश गर्न दिन चिनियाँ पक्षसँग कुरा भइरहेको बताए पनि चीनले सहज प्रवेश दिएका छैन । उसको नियत नेपाली व्यापारीलाई जसरी पनि दुःख दिने र खरिद गरिएका सामान काम नलगाउने किसिमको बनाउने रहेको छ । चीनले प्रवेश नदिँदा सो क्षेत्रमा समेत अहिले दर्जनौं कन्टेनर लाइनमा बसेको छ ।

चीनले दैनिक २० कन्टेनर छिर्न दिए पनि लाइनमा रहेका सयौं कन्टेनर नेपाल छिर्न निकै समय लाग्ने देखिन्छ । चीनले बिना कारण नाकामा कन्टेनर रोक्दा नेपालमा सामान आपूर्तिमा समस्या मात्रै हैन, व्यापारीहरू समेत समस्यामा पर्ने गरेका छन् ।

दसैंका लागि तीन/चार महिनाअघि अर्डर गरेका सामान नआएपछि व्यापारी चिन्तित मात्र छैनन उनीहरुको लगानी पनि डुब्ने सम्भावना छ । बैंकको ब्याज, गोदाम भाडा र कर्मचारी तलबका कारण सयौं व्यापारी पेसाबाटै पलायन भएका हुन ।

दसैंमा बिक्री गर्ने जुत्ताचप्पल, कपडा, विद्युतीय सामग्रीलगायत करोडौंका सामग्री रोकिएको व्यापारीले बताएका छन् ।

### अघोषित नाकाबन्दी

तातोपानी र रसुवा स्थलमार्गबाट हुँदै आएको निर्यात व्यापार ६ वर्षदेखि पूर्ण रूपमा बन्द छ । २०७२ सालको भूकम्पपछि लगातार बन्द तातोपानी नाका चार वर्षपछि खुले पनि दैनिक १० कन्टेनरभन्दा बढी सामान आयात गर्न बन्देज लगाइएको छ । चीनले रसुवाबाट पनि दैनिक ९ कन्टेनर मात्र आयात गर्ने अनुमति दिएको छ । नेपालीले चीनमा खरिद गरेको सामान ल्याउन पाए पनि यताको व्यापारिक वस्तु उता बेच्न भने पाइँदैन । दुवै नाकाबाट नेपालीको आउजाउमा ‘अघोषित प्रतिबन्ध’ छ ।

चीनको अघोषित नाकाबन्दीले व्यापारीहरु उत्तरी नाकाको विश्वास गर्न छाडेका छन् । उत्तरी नाकाको विश्वास गुम्दै गएपछि व्यवसायीहरु आयातका लागि भारतीय नाकामा निर्भर हुन थालेका छन् । चीनकै कारण नेपालका निर्यात व्यापारी सबै पलायन भइरहेका छन् । व्यापारीहरुले नाका सहज बनाउन माग गर्दै ६-६ महिनामा प्रधानमन्त्री, मन्त्री र कर्मचारीलाई ज्ञापनपत्र बुझाउँदै आए पनि त्यसका लागि कुनै पहल भएको छैन । निजी क्षेत्रले गर्ने अनुरोधलाई चीनले वास्ता गर्दैन । चीनले स्थल नाकाबाट हुँदै आएको आयात-निर्यात व्यापारलाई निरुत्साहित गरेको देखिएको छ । उत्तरी नाकाबाट व्यापार गर्दै आएका सयौं व्यवसायी चिनियाँ कठोर नीतिका कारण दक्षिणको भर पर्न बाध्य भएका छन् ।

## युवा संघद्वारा चीनविरुद्ध प्रदर्शन




जनकपुरधाम । जनकपुरधाममा लोकतान्त्रिक युवा संघ धनुषाले चीनविरुद्ध प्रदर्शन गरेको छ । लोकतान्त्रिक युवा संघ धनुषाले सोमबार चीनले नेपालको हुम्ला जिल्लाको लाप्चासहित विभिन्न जिल्ला र विभिन्न ठाउँमा नेपाली भूमि अतिक्रमण गरेको भन्दै प्रदर्शन गरेको हो ।

चीनले नेपालको भूभाग मिच्दै नेपाललाई अस्थिरतातिर धकेल्न खोजेको नाराबाजी गर्दै संघले प्रदर्शन गरेको हो । चीनले १२ नं. सीमास्तम्भसमेत सारेको एक प्रदर्शनकारी प्रशान्त झाले बताए । चीनले नेपाली भूमिमा भौतिक संरचना निर्माणसमेत गरेको लोकतांत्रिक युवा संघले आरोप लगाएको छ ।

विरोध प्रदर्शनका क्रममा चिनियाँ विस्तारवाद मुर्दावाद, नेपाली भूमि अतिक्रमण बन्द गर, अतिक्रमित हाम्रो भूमि फिर्ता गर, छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर जस्ता नारा लगाइएका थिए ।

## कांग्रेस नेताहरू भारत भ्रमणमा

काठमाडौं । नेपाली कांग्रेसका सहमहामन्त्री प्रकाशशरण महतको नेतृत्वमा एक टोली बिहीबार भारत भ्रमणका लागि नयाँदिल्ली प्रस्थान गरेको छ ।

भारतीय जनता पार्टीको निमन्त्रणामा महत नेतृत्वको टोली बिहीबार त्यसतर्फ गरेको हो । टोलीमा नेपाली कांग्रेसका नेताद्वय अजय चौरसिया र उदयशम्शेर राणा छन् । पाँच दिनको भ्रमणका क्रममा उनीहरुले भारतीय जनता पार्टीका अध्यक्ष तथा नेताहरुका साथै भारतीय विदेशमन्त्रीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

पूर्व परराष्ट्रमन्त्री समेत रहेका महतको आमन्त्रणामा केही हप्ताअघि भारतीय जनता पार्टीको विदेश विभागका प्रमुख विजय चौथाइवाले नेपाल भ्रमणमा आएका थिए । त्यस भ्रमणका क्रममा उनले प्रधानमन्त्री शेरबहादुर देउवा, सहमहामन्त्री महतसहित नेपाली कांग्रेस र अन्य राजनीतिक दलका नेतासँग भेटवार्ता गरेका थिए ।



त्यसपछि भारतीय जनता पार्टीको आमन्त्रणामा महत नेतृत्वको टोली भारत गएको हो । दिल्ली प्रस्थान गर्नुअघि महतले यो भ्रमणले नेपाली कांग्रेस र भारतीय जनता पार्टीका साथै नेपाल र भारत सरकारबीचको सम्बन्धलाई थप सुदृढ गर्न सहयोग गर्ने बताए ।

## अख्तियारले छापा मार्दैमा संघीयता गुम्दैन : लोसपा नेता सोनल

जनकपुरधाम । लोसपा प्रदेश २ का संसदीय दलका नेता जितेन्द्र सोनलले मुख्यमन्त्रीको गतिविधिका कारण प्रदेशको गरिमामाथि प्रश्न उठेको टिप्पणी गरेका छन् ।

प्रदेश २ को प्रदेशसभाको सातौं अधिवेशनको पहिलो बैठकमा बुधबार बोल्दै नेता सोनलले मुख्यमन्त्री कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धानले छापा मार्दैमा संघीयतामाथि कुनै खतरा नहुने बताए । ‘संघीयता लौकाको कोपिला होइन,’ सोनलले भने, ‘मुख्यमन्त्री कार्यालयमा साइकल खरिदमा भएको अनियमितताको उजुरीका आधारमा अख्तियारले छापामारीले संघीयता गुम्दैन ।’

साइकल खरिद विषयमा मुख्यमन्त्रीको नैतिकतामाथि प्रश्न उठेको भन्दै उनले साइकल



खरिदमा मुख्यमन्त्रीलाई लागेको दाग धुन मार्गप्रशस्त गर्नुपर्ने बताए । उनले सुशासन भाषणमा मात्रै नभएर व्यवहारमा देखिनु पर्ने उल्लेख गरे ।

प्रदेशसभामा मुख्यमन्त्री कार्यालयले साइकल खरिद बारेको जानकारी दिएकोमा धन्यवाद दिँदै संसदीय समितिले पटक-पटक साइकल खरिदको कागजात माग्दा नदिनुको कारण मुख्यमन्त्रीले प्रस्ट पार्नुपर्ने उनको भनाए छ ।

‘मुख्यमन्त्रीको निरीहतामाथि प्रश्न उठेको छ,’ सोनलले भने, ‘कार्यालयको गतिविधि जानकारी नहुनु, मन्त्रालयको विवाद अदालतमा जानु दुर्भाग्य हो ।’ अनुसन्धानका लागि मुख्यमन्त्री कार्यालयबाट कागजात लिएर गएपछि अख्तियारविरुद्ध प्रदर्शन गर्नुको तुक नभएको पनि उनको भनाइ छ ।

प्रदेश सरकारले छोरी बिमा कार्यक्रम ल्याएर डंका बजाएर प्रदेशमा लाखपति छोरी जन्मिने घोषणा गरे पनि व्यवहारमा लागू नभएको सोनलको टिप्पणी छ ।

## म सभापतिको आकांक्षी होइन : गच्छदार



विराटनगर । नेपाली कांग्रेसका उपसभापति विजयकुमार गच्छदारले नेपाली कांग्रेसलाई बलियो बनाउन प्रतिशोधको भावना त्याग्न आग्रह गरेका छन् । लोकतान्त्रिक पार्टीभित्र अस्वस्थ्य प्रतिस्पर्धा बढ्दै गएकोले एउटाले अर्कोलाई समाप्त पार्ने प्रतिशोधको भावना त्याग गर्नु पर्ने उनले आग्रह गरे ।

विराटनगर विमानस्थालमा पत्रकारसँग कुराकानी गर्दै उनले भने, ‘बलियो बनाउन प्रतिशोधको भावना त्याग्नु पर्ने छ ।’ पार्टीलाई बलियो बनाउन भावनात्मक रुपमा एक हुनु पर्ने उनले सुनाए ।

वर्तमान अवस्थामा पार्टीभित्र धेरै नै गुट र उपगुट रहेको बताउँदै उनले पार्टीभित्र सैद्धान्तिक विचारका अधारमा एकताको आवश्यकता रहेको बताए । कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले सैद्धान्तिक रुपमा स्वस्थ्य प्रतिस्पर्धा गर्नुतर्फ सबैलाई लाग्नु पर्ने उनले बताए । आफू कुनै गुटमा नरहेको बताउँदै उनले भने, ‘पार्टीको झण्डाभित्र सबै शीर्ष नेताबीच भावनात्मक एकता गराउने योजना रहेको छ ।’ आफू कांग्रेसको आउँदो १४ औं महाधिवेशनमा पार्टीको सभापतिको आकांक्षी नरहेको प्रष्ट पारे ।

## अख्तियारले पूर्वाग्रह भावनाले छापा माऱ्यो : जसपा

काठमाडौं । जनता समाजवादी पार्टी नेपालले प्रदेश नं. २ को मुख्यमन्त्री कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छापामारीलाई राजनीतिक प्रतिशोध र पूर्वाग्रहपूर्ण भावनाले गरेको आरोप लगाएको छ । जसपा नेपालले शुक्रबार एक विज्ञप्ति जारी गर्दै यस्ता कार्यले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई धरापमा पार्ने जनाएको छ । ‘अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध अनुसन्धान गर्न पाउने हो तर अमर्यादित र विद्वेषपूर्ण तथा सामुदायिक एवं राजनीतिक प्रतिशोध र पूर्वाग्रहपूर्ण भावना गरिएको उक्त कार्य गलत हो,’ विज्ञप्तिमा भनिएको छ । अख्तियारको छापामारीप्रति जसपा नेपालले घोर विरोध, भर्त्सना र आपत्ति प्रकट गरेको छ ।

## साइकल खरिदमा अनियमितता नभएको प्रदेश २ सरकारको प्रष्टीकरण

जनकपुर । प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले साइकल खरिद प्रक्रियामा कुनै अनियमितता नभएको दाबी गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले साइकल खरिद प्रक्रियामा अनियमितता नभएको दाबी गर्दै खरिद प्रक्रिया र कम्पनीको नाम सार्वजनिक गरेको छ । ‘मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ’ अभियानअन्तर्गत सामुदायिक विद्यालयको कक्षा ८ मा अध्ययनरत छात्रालाई वितरणका लागि खरिद गरिएको साइकलमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री कार्यालयमा छापा मारे पछि प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले साइकल खरिदसम्बन्धी सबै कागजात सार्वजनिक गरिएको हो ।

प्रदेश २ सरकारले शिक्षा सुरक्षा र सशक्तिकणको माध्यमबाट प्रदेश २ मा जन्म लिएका छोरीहरुलाई सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गर्न ‘बेटी पढाउ, बेटी बचाउ’ अभियान संचालन गरिरहेको छ । उक्त अभियानअन्तर्गत साइकल वितरण, छात्रबृत्ति वितरण र लोकसेवाको तयारी कक्षा संचालनलगायतका अन्य कार्यक्रमहरु संचालनमा आएका छन । सरकारको उक्त कार्यको प्रदेश २ मा मात्रै नभएर सिंगो देशभिर



नै प्रशंसा हुँदै आएको छ ।

साइकल वितरण अभियान अन्तर्गत जम्मा ३७ हजार २ सय ३८ थान साइकल खरिद गरिएकोमा ३३ हजार थान साइकल सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई वितरण गरिसकिएको छ ।

‘बेटी पढाउ, बेटी बचाउ’ कार्यक्रमअन्तर्गत साइकल खरिद गर्दा प्रचलित खरिद कानून पूर्ण रूपमा पालना गरी प्राविधिकबाट तयार गरिएको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरी प्राविधिक मूल्यांकन प्रतिवेदनवमोजिम न्यून मूल्यांकित र सारभूत रुपमा प्रभावकारी देखिएको बोलपत्र स्वीकृत गरी खरिद कार्य अगाडी बढाइएको समेत सरकारले स्पष्ट पारेको छ ।

खरिद गरिएको साइकलको मूल्य प्रचलित बजार मूल्यभन्दा कम रहेको समेत सरकारको दाबी छ । आ.व. २०७५/७६ मा प्रति साइकल रु. ७,१९७।०० को तुलनामा आ.व. २०७७/०७८ मा श्री ओम सत्य साई प्रा.ली. संग २०७७ मङसिरमा रु. ६,४४१।०० मा खरिद सम्झौता भई साईकल आपूर्ति भइसकेको पनि सरकारले जनाएको छ ।

खासमा साइकल खरिदमा मूल्य वृद्धि हुनुमा विभिन्न कारण रहेको समेत मुख्यमन्त्री कार्यालयले जनाएको छ । सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत सबै छात्राहरुलाई साईकल वितरण गर्नुपर्ने अवस्था आएको हुँदा पछि थप १० हजार थान साइकल विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरी स्यानो ईन्टरनेशनलसंग प्रति साईकल रु. ७,४७५।०० (मु.अ. करबाहेक) मा खरिद सम्झौता भएको जनाइएको छ । यसमा अगाडीको तुलनामा प्रति साईकल मूल्य केही बढेको देखिएतापनि स्वीकृत लागत अनुमानभित्र रहेको दाबी गरिएको छ ।

मूल्य बढ्नुमा प्राविधिक स्पेशिफिकेशनमा साईकलको नेट कुल तौल १९ के.जी. उल्लेख भएको, उत्पादक कम्पनीको ब्राण्ड अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरि स्पेसिफिकेशन स्तरीय बनाइएको तथा अन्तर्राष्ट्रिय बजारमा फलामको मूल्य ४० प्रतिशत भन्दा बढी बढेको एवं कोभिड-१९ का कारण कम्पनीहरुको लागत मूल्य समेत बढन गएकोले मूल्यमा फरक आएको जनाइएको छ ।

बोलपत्र आह्वान संघीय सरकार मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-पोर्टलमा गरिएको हुँदा यसमा बोलपत्रदाताहरुले बजारको अवस्था र सामानको उपलब्धता समेतका आधारमा खुला रुपमा मूल्य उल्लेख गर्ने भएकोले यसमा कार्यालयको कुनै प्रकारको संलग्नता नरहेको समेत मुख्यमन्त्री कार्यालयले स्पष्ट पारेको छ ।

## सम्पादकीय

# शुभ विजया !

महान पर्व विजया दशमी घर घर भित्रिइसकेको छ । नवदुर्गा भवानीको विशेष पूजाआजा र उपासना गरेर हिन्दू धर्मावलम्बीहरुले दशैंलाई घर घर भित्रयाइसकेका छन् । १५ दिन लामो यो पर्वलाई सद्भावको मात्र नभएर असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा समेत मनाइने गररिन्छ । यो आस्थाको प्रतीक मात्र नभएर शक्ति, सहिष्णुता, सद्भावलगायतप्रतिको समर्पण पनि हो ।

पौराणिक कथाहरूमा दशैं पर्वका अनेकन महिमा छन् । यसको धार्मिक आस्था एकातिर छ । धर्मसंगै दशैंजस्ता पर्वलाई वर्षभरी कामको थकानबाट मुक्ति पाउन केही दिन रमाइलो गर्ने पर्वका रूपमा पनि व्याख्या गरेको पाइन्छ। जसले जसरी व्याख्या गरेपनि परापूर्वदेखि मनाइदै आएको यो पर्वलाई राज्यले समेत महत्व दिएको देखिन्छ ।

नेपालको वर्तमान अवस्था राजनीतिक रूपले अन्योलग्रस्त र अस्थिर प्रकृतिको छ भने सांस्कृतिक विचलनको लहरले पनि सामाजिक सद्भाव, सहिष्णुता र एकतावद्ध भावना नै खलबल्याउने चेष्टा गरिरहेको छ। आमूल राजनीतिक परिवर्तनको लहरले मुलुकको समग्र क्षेत्र कुनै न कुनै रूपमा प्रभावित भइरहेको बेला नेपालको सामाजिक सद्भाव र मेलमिलापको राष्ट्रिय संस्कृतिविरूद्ध विधर्मीका सुनियोजित षड्यन्त्रका खेलहरू अनेक प्रसंगसँग जोडिएर आएका छन् ।

> वियोग र विछोडको अवस्थालाई संयोग र मिलनको अवस्थामा पुऱ्याउने र खराब प्रवृत्तिमाथि विजय प्राप्त गरी असल जीवनशैली अनुशरण गर्न प्रेरित गर्ने बडा दशैंको शुभ सन्देश सदा सर्वदा जीवनोपयोगी छ ।

जातिगत, भाषागत, धर्मगत, संस्कृतिगत र क्षेत्रगत विभेदका लहरहरू निर्देशित रूपमा नै उठाएर नेपालको राष्ट्रिय एकता र अखण्डतामाथि नै आँच ल्याउने गरी अनेक गतिविधिहरू परिचालित हुँदै आएकाले सांस्कृतिक विचलनको गति तीव्रतर छ र त्यसले राष्ट्रिय समस्याकै रूप लिदैं गएको छ ।

सामाजिक-सांस्कृतिक सद्भावको आधार नै खलबल्याएर निषेधको कुसंस्कार जागृत गराई नेपालको सांस्कृतिक ऐक्यवद्धतालाई विशृङ्खलित पार्ने षड्यन्त्रात्मक प्रयासहरू निरन्तर जारी छन् ।

नेपालको पवित्र भूमि सबै जातजाति, भाषाभाषी, वर्ग, सम्प्रदाय र समुदायको साझा सम्पदा हो भने बडा दशैं पनि सबै नेपालीको सांस्कृतिक धरोहर हो । राष्ट्रिय चाडपर्वका रूपमा बडा दशैंको सांस्कृतिक विशिष्टता जोगाइराख्नु राष्ट्रिय एकता र आवश्यकताको सम्बर्धन गर्नु हो ।

वडा दशैंको शुभ सन्देश भनेको आम नेपाली जनताबीच सद्भावना, मेलमिलाप, सहअस्तित्व बोध र ऐक्यवद्ध सांस्कृतिक चेतको जागरण नै हो। शान्ति, सुख र समृद्धिको मानवीय चाहना सामाजिक-सांस्कृतिक सद्भावबाट मात्र पूरा हुनसक्छ। वियोग र विछोडको अवस्थालाई संयोग र मिलनको अवस्थामा पुऱ्याउने र खराब प्रवृत्तिमाथि विजय प्राप्त गरी असल जीवनशैली अनुशरण गर्न प्रेरित गर्ने बडा दशैंको शुभ सन्देश सदा सर्वदा जीवनोपयोगी छ ।

सत्ता स्वार्थको विकृतिजन्य राजनीतिक अभ्यासले सिंगो समाज ग्रस्त भएको वर्तमान सन्दर्भमा बडा दशैं तथा विजया दशमीको सद्भाव, एकता र मेलमिलापको परम्परागत रूपमा अविरल प्रवाहित सन्देशले सबै नेपालीको मन-मस्तिष्कमा उज्यालो ल्याओस् र ऐक्यवद्ध सांस्कृतिक चेत जागृत गरोस् । यही नै हाम्रो शुभकामना ।

# राजनीतिमा राज्यको कामै दमन गर्नु हो भन्थे हो रैछ



**रेशम चौधरी**

टीकापुर घटनाले गुमाउन केही बाँकी रहेन । घर, गाडी सञ्चालन गरेको रिसोर्ट, एफएम सबै सरकारी कपर्युका बीचमा स्वाहा भयो । मेरो भौतिक सम्पत्ति जल्यो । कतिका अस्मिता लुटिए । इश्यालै बाबु-आमा समानकालाई दुश्मन देख्यो, विचरा भोका वस्तुलाई चराउने, पानी पियाउनेलाई पनि डिउटीवालले दुई चार झापड लगाए । राजनीतिक द्वन्द्वले थारु-पहाडीलाई बैरी बनायो । सुरक्षाकर्मी र एक बच्चाको सहादतले हामीलाई पनि पोलेको थियो । तर राज्यले हामीलाई हत्याराको नजरले मात्र हेयो । दोषी हामीलाई देख्यो । गर्नसक्ने जति ज्यादती गयो । धन, सम्पत्ति, इमान, इज्जत केही बाँकी राखेन । पुनः लेख्दैछ, गमाउन केही बाँकी छैन ।

वास्तविकता राज्यलाई थाहा छ । दोषीलाई राज्यले नै जोगाएर राखेको छ । बरु तिनलाई पुरस्कार दिइएको छ । राजनीतिक लाभ दिइएको छ । कहिलेकाहीं त निकै हाँसो पनि उठन, राज्यले उल्टो तिनैलाई वार्ता टोलीको संयोजक बनाएर पठउँदा ।

पछिल्लोपटक सबैले हामीलाई निर्दोष भन्न थालेका छन् । पूर्व वर्तमान सबै प्रधानमन्त्रीले यथार्थ स्वीकार गरिसके । तैपछि अझै हामी जेलमा छौं । निर्दोषलाई जेलमा राखेर सुशासनको कुरा किन गर्ने पूर्व र वर्तमान प्रधानमन्त्रीज्युहरु? वारदात स्थलमा नभएकालाई थुनेर न्यायको हथौडा अदालतमा छ भनेर पन्छिन पाइन्छ ?

कुरोलाई चुरोमा पुऱ्याऔं है ! चुनाव जितेर दुई वर्षसम्म विजय प्रमाण पत्र र माननीयको शपथ मलाई किन खुवाइएन ? कुन कानुनले हिजो दिएन र कुन कानुनको धारा, उपधाराले दुई वर्षपछि दिइयो ? कानुन कसैको व्यक्तिगत बपौती हो ? शपथ खुवाएपछि मैले आफ्नो मतदाताको सेवा गर्न पाउनु पर्दैन ? टीकापुरलाई राज्यले जनप्रतिनिधिविहीन बनाउन पाइन्छ ? मलाई झ्यालखानामा थुनी राख्ने भए अर्को प्रतिनिधिको चुनाव गराउन पर्दैन ?

राजनीतिमा राज्यको कामै दमन गर्नु हो भन्थे हो रैछ । टीकापुर घटनाको यथार्थ छानबिनको रिपोर्ट सार्वजनिक नगर्नु भनेकै राज्य दोषी हुनु हो । लाल आयोग, शर्मा आयोग हाम्रा आग्रहमा गठन गरिएको होइन । राज्य स्वयंले गरेको हो । आफैंले बनाएको रिपोर्ट,आफैंले सार्वजनिक गर्न नसक्नु भुल स्वीकार्नु होइन?

राज्यसँगै हामी त आफ्नैबाट पनि ठगियौं । त्रेतायुगमा सुनको लंका जलाएर विभिषण राजा भएका थिए रे ! यहाँ पनि हामीलाई आफ्नैले खरानी बनाएर शासन गर्न खोज्दैछन । मन्त्री त बनिसके।

गरौंला धेरैले भने तर कहिल्यै भएन । हुन्छ सबैले भन्छन् तर हुँदैन रहेछ । गन्तव्यको सारथी अर्कोलाई बनाएर लक्ष्य भेटिदैनरहेछ । त्यसैले सडे पनि अलि दिन सकुँला । मन बलियो बनाएर कठोर निर्णय गरें, आफ्नै बाटो लाग्ने । कसैका सामु नगिडगिडाउने, याचना नगर्ने, किच्चडबाट उम्किन आफैं प्रयत्न गर्ने ।

बेला भइसकेको त छैन तर विकल्प भएन । यहाँसम्मको राजनीतिक यात्रामा साथ दिनुहुने सबैलाई धन्यवाद । कसैसँग केही गुनासो छैन । धेरै कुरा सिकाउनुभो धन्यवाद । गोता लगाएर मोती भेटाउन नसके पनि राजनीतिक गोताखोर जरुर भइयो । राजनीति यस्तै रहेछ, सत्य असत्य, असत्य सत्य । इमानीभन्दा बेइमानीहरुले अंक बढी प्राप्त गर्दा रहेछन् । कार्यकर्ता बेचेर पद प्रतिष्ठा आर्जन गर्ने प्रचलन रहेछ । झुट, इमान, कार्यकर्ता बेच्ने कलामा निपुन भएपछि बल्ल राष्ट्रवादी नेता भइँदो रहेछ।

अहिलेसम्म के भोगिएन । के भएँ, के भइनँ । कहिले बजारको खजाना भएँ, कहिले अँड्यहाको गाना बजाना भएँ । कहिले नोटमा चलियो । कहिले भोटमा चलियो । लामो हथौडाको सयौं चोट खपरे अर्काको पूजा कोठामा मूर्ति भै सजिएँ । कसैका लागि हीरामोतीको दाना भएँ । अघोरीको माना भएँ । संसदमा लिलाम भएँ । स्वार्थमा उनकै काम तमाम भएँ । बनियाको धन अनि महाराजको मन भइयो।

अन्ततः विकल्प नदेखेपछि बाटो पहिल्याउने निर्णय गरें । कसैसँग केही गुनासो छैन । राजनीतिक यात्रामा फेरि कुनै न कुनै दिन जरुर सहयात्री भइएला । त्यसैले आङको छारो उडाएर आफ्नै मयल देखाइ फोहोरी कहलिनु छैन मलाई । अबको वैकल्पिक यात्रामा सहानुभूति जरुर होस् । *थारुवान डटकमबाट*

## राजनीतिक रोटी

हिजो मालिकले बेचे, आज दासले बेच्दैछन्
जुवाडेको खालभित्र कागजे तासले बेच्दैछन् ।

युद्धस्थलमा भेटिएको मुकुट न परियो
पहिरिन पाइन्छ कि भन्ने आशले बेच्दैछन्
नरित्तिने कुबेरको ढुकुटी भएपछि
मोजमस्ती गर्दै एक तमासले बेच्दैछन् ।

रेशम कल भि हमारा था,आज भि हमारा है
भनेर छाती ठोक्दै धमासले बेच्दैछन । हिजो मालिकले बेचे...
बलिको बोको सम्झेर मुने आ भन्दै घाँस देखाउँदै
मन्त्रीको मोलमोलाईमा शानले बेच्दैछन्
सत्तामै सौकत देख्नेहरु सधैं उही सपना देख्छन् रे
सट्टेबाजीको बधुवा सम्झी स्वार्थी जमातले बेच्दैछन् ।

हिजो मालिकले बेचे, आज दासले बेच्दैछन्
जुवाडेको खालभित्र कागजे तासले बेच्दैछन् ।

सधैं मालिक बन्ने अभिलासामा
मधेसलाई सहिदको लाशले बेच्दैछन् ।

शासनको बागडोर मुठीमा लिएर सन्दुकमा थन्क्याई हामीलाई
अनुकूलको राजनीतिक रोटी खास खासले सेक्दैछन्
हिजो मालिकले बेच, आज दासले बेच्दैछन्
जुवाडेको खालभित्र कागजे तासले बेच्दैछन्

# मातृभाषामा शिक्षण सिकाईका लागि महोत्तरी जिल्लाको प्रयास

**राकेश प्रसाद चौधरी**

महोत्तरी । बालबालिकाले मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार संविधान र शिक्षासम्बन्धी ऐन कानुनले ब्यवस्था गरेकोमा अझैसम्म महोत्तरी जिल्लाका पालिकाहरुले योजना निर्माण, बजेट व्यवस्थापन, स्थानीय मातृभाषाको पाठ्यपुस्तक निर्माणलगायतका कामको प्रारम्भिक चरणमा छ ।

मटिहानी नगरपालिकाले अर्को शैक्षिणसत्रबाट कक्षा १ देखि ३ सम्मका बालबालिकालाई मातृभाषाको स्थानीय पाठ्यपुस्तक पढाउन सकिने तयारी गरिरहेको शिक्षा संयोजक चन्देश्वर साहले बताए । पाठ्यपुस्तक निर्माणका लागि सप्तरीका एकजना विज्ञसँग छलफल भइरहेको जानकारी समेत दिए। याज्ञबल्क्य लक्ष्मिनारायण विद्यापीठका उपप्राध्यापक मनोज झाले स्थानीय मातृभाषाको पाठ्यपुस्तक निर्माण गर्दा जिल्लाकै बिज्ञहरूसँग सल्लाह लिन आग्रह गरे । जलेश्वर नगरपालिका-७ ले चारवटा विद्यालयमा वार्डस्तरबाट मातृभाषाको केन्द्रिय पाठ्यपुस्तक लागू गरेपनि तीनबर्ष बितिसक्दा समेत अन्य वडामा यसको चर्चा समेत छैन ।



महोत्तरी गाउँपालिकाकी शिक्षा संयोजक जुली ठाकुरले नेपाली भाषाको पाठ्यपुस्तकलाई स्थानीय भाषामा अनुवाद गरेर पढाउने अभ्यास रहेपनि मातृभाषामै स्थानीय पाठ्यपुस्तक निर्माण गर्न नसकिएको बताइन्। उनले यस आर्थिक बर्षमा यसका कार्यको लागि बजेट समेत बिनियोजन नरहेको जानकारी दिइन् । एकडारा गाउँपालिकाका शिक्षा संयोजक शम्भु साहले समेत योजना नै नरहेको बताए । सोनमा, समसी, एकडारा र महोत्तरी गाउँपालिका तथा रामगोपालपुर, मनरासिस्वा, मटिहानी नगरपालिकाका शिक्षा संयोजक एवं शिक्षक र पालिका प्रतिनिधिहरूले स्थानीय शिक्षा नीति निर्माण, बजेट बिनियोजन तथा मातृभाषाको पाठ्यपुस्तक निर्माणलगायतको काम यसै आर्थिक बर्षमा गर्न गराउन पहल गर्ने तथा अर्को शैक्षिकसत्रबाट पठ्यपुस्तक लागू गर्ने घोषणापत्र समेत जारी गरेका छन् । युनिसेफ, विश्व शिक्षाको सहयोग तथा समाज विकास केन्द्र महोत्तरीको सहजीकरणमा जलेश्वरमा आयोजित मातृभाषाको माध्यमबाट शिक्षण सिकाई कार्यक्रममा यी पालिकाका शिक्षक, पदाधिकारी तथा संचारकर्मीहरूले घोषणापत्रमा हस्ताक्षर समेत गरेका छन् । विश्व शिक्षाका रंजित चौधरीले सम्बन्धित पालिकाका शिक्षकहरुबाट मातृभाषामा शिक्षण पुस्तिका तयार गराइसकेको र सम्बन्धित विद्यालयले माग गरे उपलब्ध गराउने जानकारी दिए । सातवटै पालिकाहरुलाई प्राविधिक सहयोग गरिरहेकोले घोषणापत्र अनुसार नै लक्ष्य प्राप्त गर्न सकिनेमा आफू विश्वस्त रहेको विश्व शिक्षाकै रिसुमाया चौधरीले बताइन् ।

पालिका तथा विद्यालयहरूमा मातृभाषाको माध्यमबाट शिक्षण सिकाई कार्यक्रम प्रभावकारी ढंगले अगाडि बढाउन स्थानीयस्तरमै पुगेर रुपेश पासवान, शान्ति चौधरीलगायतका कर्मचारी परिचालन गरिएको समाज विकास केन्द्र महोत्तरीका कार्यक्रम संयोजक अनवर परबेजले बताए । अनौपचारिक र औपचारिक शिक्षासँग सम्बन्धित कार्यक्रमहरूमा सहजीकरण गर्दै आएका संचारकर्मी नित्यान्द मण्डलले मातृभाषामा शिक्षण सिकाई हुँदा बालबालिकामा जिज्ञासा बढ्ने र प्रश्न गर्ने हिम्मत आउने गरेको अनुभव सुनाए । स्थानीय ठाउँअनुसार बोलिने भाषा नै मातृभाषा रहेकोमा बादबिवाद नगर्न आग्रह समेत गरे । महोत्तरी जिल्लाको समसी गाउँपालिकाले मैथिली र उर्दु भाषामा सिकाई सिकाई गर्ने तयारी थालेको वडा नं.१का वडाअध्यक्ष विपिन विहारी यादवले जानकारी दिए । समसीमा मुस्लिम समूदायको बाहुल्यता छ । अर्कोतर्फ अधिकांश पालिकाले मैथिलीलाई नै मातृभाषाको रुपमा स्विकार गरिसकेका छन् भने केही पालिकाले आफूहरूको मातृभाषा मगही रहेको दाबी गर्दै आएका छन् ।

# नेपाल पनि दक्षिणी सुडानको बाटोमा जाँदैछ



## श्रीराम अधिकारी

मानव अधिकार अधिकृत, मानव अधिकार विभाग
संयुक्त राष्ट्रसंघीय शान्ति मिशन, दक्षिणी सुडान

**० दक्षिण सुडानको अवस्थालाई कसरी चित्रण गर्नुहुन्छ ?**

– जब सन् २०११ मा सुडानबाट टुक्रिएर दक्षिण सुडान देश बन्यो, त्यसपछि विविध कारणहरुले गर्दा त्यहाँ जातीय युद्धहरु सुरु भयो। त्यहाँ दुई समुदाय न्यूर र डिङ्का बीच जातीय द्वन्द्वका कारण चार लाख जति मानिसको मृत्यु भयो। सन् २०१८ मा आइपुग्दा रिभाइटालाइज एग्रीमेन्ट इथियोपियामा भयो। अहिले डिङ्का र न्यूर बीचमा द्वन्द्व छैन। तर अहिले पनि त्यहाँ जातीय हिंसा जारी छ। एउटा जातका मान्छेले अर्को जातका मान्छेलाई मार्नु पर्ने त्यहाँको संस्कारै छ। उनीहरुमा रिभेन्ज किलिङ परम्परागत प्रचलन छ। अहिले डिङ्का भित्र लगभग ६०-७० वटा जातका समूहहरु छन् र न्यूरभित्र पनि त्यस्तै ५०-६० वटा जातजातिहरु छन्। ती जातजातिहरु बीच पनि द्वन्द्व छ। उनीहरुले एकअर्कालाई मान्छे, लुट्ने काम गर्दछन्।

**० संयुक्त राष्ट्रसंघीय शान्ति मिशनले त्यहाँ के गरिरहेको छ ?**

– सन् २०१८ मा भएको शान्ति सम्झौताको कार्यान्वयनको अवस्था के छ, दुवै पक्षले त्यो सम्झौता कसरी परिपालना गरिरहेका छन् त्यसको निगरानी गर्ने शान्ति मिशनको काम हो। अर्को कुरा, सामाजिक अभियन्ता, मानव अधिकारकर्मी लगायतको क्षमता अभिवृद्धि गर्ने काम पनि हामीले गरिरहेका छौं। हामीले त्यहाँ शान्ति, मानवअधिकार, स्थायी विकास लगायतको विषयमा उनीहरुलाई क्षमता अभिवृद्धिको काम गरिरहेका छौं। अर्को महत्वपूर्ण काम भनेको न्यायपालिकालाई मजबुत बनाउने, विधिको शासन प्रभावकारी बनाउने र सरकारी निकायलाई मानवअधिकारप्रति कटिबद्ध बनाउने काम गरिरहका छौं। अहिले त्यहाँ सत्य निरुपण तथा मेलमिलाप आयोग गठन हुने प्रक्रियामा रहेको छ। त्यसको पनि काम हामीले गर्नुपर्ने हुन्छ।

**० शान्ति सम्झौतापश्चात् दक्षिणी सुडानमा कति सुधार भएको छ ?**

– पहिले र अहिलेको अवस्थालाई तुलनात्मकरुपमा हेर्दा अहिले चिन्ताजनक अवस्था छैन तर सन्तोषप्रद पनि छैन। किनभने त्यहाँ असुरक्षा छन्, जनताहरु त्रासमा बाँचिरहेका छन्। कतिबेला कुन समुदायले कुन समुदायमाथि आक्रमण गर्ने हो त्यो भन्न सकिने अवस्था छैन। सरकारले सुरक्षा दिन सकेको छैन र संयुक्त राष्ट्रसंघले त्यहाँ सुरक्षा दिन्छ। त्यहाँ धेरै शरणार्थीहरु बसेका छन्। हामीले उनीहरुमाथि हुने ज्यादती, अत्याचार, अन्यायहरुको बारेमा आवाज उठाउने गरेका छौं र त्यो कुरा सरकारसमक्ष लिएर जाने गरेका छौं।

**० त्यहाँ तपाईंहरुलाई काम गर्न कति चुनौती छ ?**

– संयुक्त राष्ट्रसंघमा काम गर्ने कर्मचारीहरु अनुभवी नै हुन्छन्। कर्मचारीले यस्तो जोखिमयुक्त ठाउँमा बिना परिवार काम गर्नुपर्छ। सुरक्षा खतरा हामीलाई पनि हुन्छ। तर संयुक्त राष्ट्रसंघले नै हामीलाई सुरक्षा दिएर राखेको छ। नेपालबाट पनि दक्षिण सुडानमा शान्ति सेनाहरु जाने गरेका छन्। तिनै शान्ति सेनाहरुले हामीलाई सुरक्षा प्रदान गर्छ। हामी उनै शान्ति सेनाको सुरक्षा घेराभित्र हुन्छौं। त्यसले गर्दा त्यति साह्रो जोखिमपूर्ण हामीलाई लाग्दैन। तर समय परिस्थितिले जोखिमपूर्ण अवस्था आयो भने पनि संयुक्त राष्ट्रसंघसँग यस्तो संयन्त्रहरु छन्, जसले त्यसलाई सधैंभरि न्यूनीकरण गर्दै जान्छ।

**० दक्षिणी सुडानमा हिंसा र अशान्तिका मूल कारणहरु के-के छन् ?**

– यसका विभिन्न कारणहरु छन्। जब सुडानमा बेल्जियमको शासन थियो त्यसपछि इजिप्टले सुडानलाई औपनिवेश बनायो। त्यसपछि इजिप्टिसियनहरु गइसकेपछि सुडान स्वतन्त्र भयो। सुडानमा मुस्लिमहरु थिए, दक्षिण सुडानमा क्रिश्चियनहरु थिए। यसलाई व्याख्या गर्दा धेरै समय चाहिन्छ। सारमा भन्नुपर्दा यदि कुनै देशलाई बर्बाद र कमजोर गर्नुछ भने त्यहाँ मिसाइल वा बुलेटबाट आक्रमण गर्ने होइन। त्यहाँका जातीमाथि आक्रमण गरिन्छ। जब कुनै पनि राष्ट्रको जात र जातीयतामाथि आक्रमण हुन्छ त्यो समुदाय आफै कमजोर हुन्छ। 'भाई फुटे, गवार लुटे' भनिएझैं त्यो देशका जनताहरु आफू-आफूमै लडेर कमजोर भएका हुन्। यो पश्चिमाहरुको एउटा रणनीति हो। यदि कुनै पनि देशलाई बर्बाद गर्नुछ भने वा आफ्नो स्वार्थ र अभिष्ट पूरा गर्नुछ भने त्यो देशको जातमाथि आक्रमण, त्यसपछि भाषामाथि आक्रमण र त्यसपछि धर्ममाथि आक्रमण हुन्छ। जब यी तीन कुरामाथि आक्रमण हुन्छ, उसले चाहेका कुराहरु त्यो देशमा पूरा हुन्छ। दक्षिण सुडानमा पनि त्यहीं गरिएको छ। हामीले रुवान्डाको हुस्सु र तुस्सुलाई हेरेर नेपालले पनि पाठ सिक्नुपर्ने हुन्छ। हाम्रो देशमा पनि अहिले जातीयताको कुरा उठिरहेको छ। वि.सं. २०४६ अगाडि नेपालमा जातीयताको कुरा थिएन, हामी सबै मिलेर बसेका थियौं। तर ०४६ पछि विभिन्न आन्दोलन र जनआन्दोलनको नाममा नेपालमा जातीयताको बीउ रोपिसकिएको छ, विस्फोट हुन मात्रै बाँकी छ। यसको अलिकति संकेतहरु हामीले मधेश आन्दोलनका बेला हेरिसक्यौं। किनकि त्यहाँबाट थुप्रै पहाडेहरु विस्थापित भएका तथ्य, प्रमाण हामीसँग ताजै छन्। तसर्थ, नेपाललाई पनि भोलीको दिनमा जातीय, नश्लीय आधारमा विभाजन गर्ने र विभिन्न जातजातिबीचमा द्वन्द्व फैलाउने सुरुवात भइसकेको छ। त्यो बेलामा तपाइँ र म पनि एकआपसमा कट्टर दुश्मन हुनसक्छौं। त्यसैले, अहिले हामी नेपाललाई जातीय, भाषिक, धार्मिक कुराबाट अवश्य पनि बचाउनुपर्छ। भाषा आयोगले सातै प्रदेशका लागि भाषा सिफारिस गरेको छ। नेपाल एउटा देश हो र भाषा नेपाली हो। तर अहिले जनतालाई भाषिकरुपमा विभाजन गरिँदैछ। नेपालको भाषा नेपाली हो र कामकाजको भाषा नेपाली नै हुनुपर्छ। तर नेपाली भाषामाथि आक्रमण भइरहेको छ। अर्को कुरो धर्म निरपेक्षता अथवा संघीयता जनताको माग नै थिएन। धर्मनिरपेक्षताको आडमा खुल्लेआम अन्य धर्मको प्रचार भइरहेको छ। खुल्लेआम धर्मान्तिरण भइरहेका छन्। जुन राष्ट्रले आफ्नो धर्मको परिपालना गर्दैन, त्यो राष्ट्रको उभोगति लाग्दैन।

> ए हाम्रा महाशय नेताहरु, एकपटक दक्षिण सुडान गएर हेर्नुस्, संघीयता भनेको कस्तो हुन्छ। जुन राष्ट्र गरीब, कमजोर छ त्यस्तो राष्ट्रलाई विभाजन गर्नुहुन्छ भने साउथ सुडानको बाटोमा अवश्य जान्छ। उदाहरणका लागि, हामीले सात प्रदेशका सातवटा सरकारका लागि बजेट खर्च गरिरहेका छौं। हाम्रो आयस्रोत भनेको कर हो। यहाँ जेमा पनि कर लगाइएको छ। राष्ट्रको पैसा विकासमा लगाउने हो, प्रदेश सरकारहरुको तलब भत्तामा खर्च गर्ने होइन।

**० नेपाल पनि दक्षिण सुडानकै बाटोमा लागिसकेको हो ?**

– अहिले नै भन्न मिल्दैन। तर, नेपालमा ठूलो समस्याहरु देखिन थालेका छन्। भनेपछि त्यसको सुरुवात भइसकेको छ। किनभने हिजो हाम्रा नेताहरुले लोकतन्त्रको नाममा संघीयताको दुहाइ दिनुभयो, समानुपातिक निर्वाचन प्रणालीको दुहाइ दिनुभयो। ए हाम्रा महाशय नेताहरु, एकपटक दक्षिण सुडान गएर हेर्नुस्, संघीयता भनेको कस्तो हुन्छ। जुन राष्ट्र गरीब, कमजोर छ त्यस्तो राष्ट्रलाई विभाजन गर्नुहुन्छ भने साउथ सुडानको बाटोमा अवश्य जान्छ। उदाहरणका लागि, हामीले सात प्रदेशका सातवटा सरकारका लागि बजेट खर्च गरिरहेका छौं। हाम्रो आयस्रोत भनेको कर हो। यहाँ जेमा पनि कर लगाइएको छ। राष्ट्रको पैसा विकासमा लगाउने हो, प्रदेश सरकारहरुको तलब भत्तामा खर्च गर्ने होइन।

**० भनेपछि नेपाल संघीयतामा जानु भनेको दक्षिण सुडानको बाटोमा लाग्नु हो ?**

– आर्थिक रुपमा अवश्य नै हो। किनभने हाम्रो राष्ट्रको आय बढ्न सकेको छैन, खर्च मात्रै बढिरहेको छ। सात वटा प्रदेशलाई पुग्ने गरी बजेट कमाउनुपर्‍यो नि। त्यो सकेको छैन। भनेपछि आर्थिक रुपमा नेपाल दक्षिणी सुडान हुन्छ। आय आर्जन हुन सकेको छैन, वैदेशिक ऋण त्यतिकै छ, व्यापार घाटा हेर्नुस। हाम्रो आयात मात्रै छ, निर्यात केही पनि छैन । राज्यले आफ्नो आयस्रोत बढाएर आम्दानी बढाउनुपर्‍यो।

**० अहिले संघीयतामाथि प्रहार भइरहेको भनिन्छ, तपाईं पनि संघीयता विरोधी कुरा नै गर्नुहुन्छ नि ?**

– म एकदम खुशी हुन्छु यदि कसैले मलाई संघीयता विरोधी मान्छे हो भन्यो भने। म छाती पिटेर भन्न सक्छु कि म संघीयता विरोधी मान्छु हुँ। एउटा सानो देश नेपाललाई सात टुक्रामा विभाजन गरियो, सातवटा सरकार बनाइयो, त्यसलाई चलाउने मेकानिजम नै छैन। देशलाई एकीकरण गर्ने मेकानिजम संघीयता हो। छुट्टिएर रहेका राज्यहरुलाई एउटै राष्ट्रका छातामुनि ल्याउने सिद्धान्त संघीयता हो। तर हाम्रो देशमा टुक्र्याएर छुट्टाछुट्टै राष्ट्र बनाउने संघीयताको सिद्धान्तविपरीत नै छ। नेताहरुले वार्ड-वार्डमा सिंहदरबार पुग्छ भन्नुभयो। तर अहिले एउटा पनि यस्तो सरकारी कार्यालय छैन, जहाँ लाइनमा नबसी कामै हुँदैन। नेपालमा एउटा पनि जनताले नेपाल सरकारको कामप्रति सन्तुष्ट छैन। नेपाली जनताले चाहेर संघीयता ल्याएको भए कुनै प्रदेशका मुख्यमन्त्री बाहिर निस्किँदा यो मेरो देशको मुख्यमन्त्री हो, यसले हाम्रो भावनाअनुसार काम गर्छ भनी एक जना पनि नेपालीको शीर श्रद्धाले झुक्दैन। भनेपछि संघीयता राम्रो छ भनेर कसरी भन्न सकिन्छ। संघीयतामा जनताको अपनत्व, प्रेम, भावना र माया कहाँ छ ?

**० यो प्रणाली नै खराब हो त ?**

– हाम्रो नेपालमा व्यवस्था र व्यवस्थापक दुवै दोषी छन्। हाम्रो देशको भूगोल, जनसंख्यामा संघीयता लागू नै हुन सक्दैन। संघीयता नेपालको लागि उपयुक्त नै छैन। नेताहरुले संविधानमा संघीयता लेख्नुभयो तर उहाँहरुले नै व्यवहारमा कार्यान्वयन गर्नुभएन। अहिलेको सरकार गठन भएको करिब तीन महिना भइसक्यो तर मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन भनेर चौतर्फी आलोचना भइरहेका छन्। तर म भन्छु, मन्त्रिमण्डलले पूर्णता पाउँदैमा के हुन्छ त ? देशमा विकास हुन्छ ? जनताले सुरक्षा र सुशासनको अनुभूति गर्न पाउँछन् ? जनताले औषधि उपचार पाउँछन् ? किन चाहियो मन्त्री ? हामीलाई देशको विकास गर्ने, जनतालाई सुरक्षा दिन सक्ने मन्त्री चाहिएको छ। तर आजसम्म नेपालमा एउटा पनि यस्तो मन्त्री हामीले पाएका छैनौं। एउटा पनि मन्त्री छैन जसले आफ्नो मन्त्रालयमा जनसरोकारको विषयमा एउटा पनि निर्णय गरेको होस्। यो सरकार र व्यवस्थाबाट हामीले केही पनि अपेक्षा गरेका छैनौं।

**० तर संघीय प्रणाली उच्चतम् हो भनेर पनि भनिन्छ नि ?**

– संघीयता नभएका देशहरुमा पनि त विकास भएका छन् नि। त्यहाँका जनताहरु पनि सुरक्षित छन् नि। किनभने हाम्रो देश धेरै ठूलो राष्ट्र हो ? अन्य देशहरुको उदाहरण दिएर हुँदैन। यदि संघीयताले नै मुलुकमा समृद्धि र विकास भएको भए, यत्रो वर्ष भइसक्यो, सुरुवातसमेत भएको छैन। अब १० वर्षमा के गर्ने भन्ने कुनै पनि राजनीतिक दलसँग भिजन, मिसन, योजना छ ? केही पनि छैन। त्यस्ता लाचार व्यक्तिहरुबाट हामी शासित हुनुपरेको छ, अनि हामी देश विकासको कुरा गर्ने ?

**० नेपालमा विभिन्न शासन व्यवस्थाहरु परिवर्तन हुँदै अहिले संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा छ। तपाईंले यो पनि असफल भइसक्यो भन्नुहुन्छ, अब कस्तो व्यवस्था चाहिन्छ नेपालमा ?**

– म राजनीतिशास्त्रका विद्यार्थी होइन। नेपालमा कस्तो खालको शासन व्यवस्था चाहिन्छ भन्न मलाई गाह्रो हुन्छ। संघीयता भनेर समानुपातिक निर्वाचन प्रणाली यो देशको लागि उपयुक्त होइन। हाम्रो राज्यको ढुकुटी सरकार सञ्चालनमै सिद्धिन्छ। हामीले कहिल्यै पनि हाम्रो लगानी उत्पादनमा गर्न सकिएन।

**० तर विकल्प के छ त ?**

– निकासका लागि जनताको चाहनाबमोजिम संघीयता, समानुपातिक निर्वाचन प्रणाली हटाइनुपर्छ। यदि जनताले चाहन्छ भने गणतान्त्रिक व्यवस्था नै फाल्नुपर्छ। अहिले राजाको पक्षमा वकालत गर्नेहरु पनि धेरै निस्किरहेका छन्। त्यो राजसंस्था कस्तो हुने ? नेपाली जनता जब विस्फोट भएर सडकमा आउँछन्, त्यहाँबाट प्रस्फुटित हुने हो। नेपालमा जातीयता, भाषिक र धार्मिक कुराहरु विस्तारै बढ्दै गएको छ।

**० मधेशमा सबभन्दा बढी राजनीतिक गतिविधि हुने गरेको छ। मधेशको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

– मैले देखेको मधेशमा कुनै पनि मधेशी नेतामा भिजन, मिसन र लक्ष्य छैन। उहाँहरुलाई एउटा निश्चित स्वार्थ पूरा गर्नका लागि सरकार समक्ष जानुपर्ने थियो, सत्ताको बार्गेनिङ्ग गर्नुपर्ने थियो। अर्को पक्षले प्रदेशमा सरकार बनाएर कमाउनुपर्ने थियो। उनीहरुले सरकार बनाए तर जनताले केही पनि पाएनन्। त्यहाँका जनताले प्रदेश सरकारको अनुभवसमेत गर्न पाएका छैनन्। भर्खरै घटना हेर्ने हो भने जसले भ्रष्टाचारलाई जिन्दावाद भन्न सकेन, त्यसले अख्तियार मुर्दावाद भन्दै हिंडें। साइकल चोरेर खाने ? यदि तपाइँले भ्रष्टाचार गर्नुभएको छैन भने छाती पिटेर भन्नुस्। उहाँहरु छापामार शैली भन्नुहुन्छ, छापाामार शैली भनेको के हो ? छापामार शैली त युद्धमा हुन्छ। जुन युद्ध मैले दक्षिण सुडानमा देखेको छु। उहाँहरुले केही गर्नुभएको छैन भने क्लिन चिट लिनुस् बस्नुस्। हावा नलागी पात हल्लिँदैन। त्यसैले त्यहाँ अवश्य पनि केही पनि अनियमितता भएकै छैन। अख्तियार जस्तो संवैधानिक निकाय यदि मुख्यमन्त्री कार्यालयमा पस्छ भने 'दाल में कुछ काला है'। भ्रष्टाचारका कुराहरु मिडियामा जोडतोडले आउँछन्। पछि जब मुद्दा चल्छ, अदालतले केही लाख धरौतीमा छोड्छ। त्यसैले यो विषयमा जनतालाई न्याय हुन्छ, भ्रष्टाचारी जेल जान्छन् भन्ने कुरामा मलाई विश्वास लाग्दैन।

# नेपाल पिछडावर्ग (ओबीसी) महासंघको सांगठनिक तथा आर्थिक प्रतिवेदन

यस साधारणसभाको उद्घाटन सत्रका प्रमुख अतिथिज्य, विशिष्ठ अतिथिज्यु, अतिथिज्युहरु, केन्द्रिय कार्य समितिका पदाधिकारीज्युहरु सभामा उपस्थित प्रतिनिधिज्युहरु, पत्रकारज्युहरु र उद्घाटन सत्रमा उपस्थित सम्पूर्ण शुभेच्छुक आमन्त्रित महानुभावमा हार्दिक अभिवादन प्रकट गर्दछु । यस घडीमा म पिछडावगको हकहित, पहिचान र राष्ट्रिय स्वाभिमानका लागि शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरुमा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । २३ औं वार्षिक साधारणसभाको अवसरमा अध्यक्षको तर्फबाट संगठनिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. पृष्ठभूमि

नेपालको जनगणना २०६८ अनुसार ठूलो संख्यामा रहेको (करीब ६० लाख) तर आर्थिक, सामाजिक, सांस्कृतिक रुपले विकासका हरेक अवस्थामा पछाडि रहेका आदिवासी, जनजाति, दलित तथा खस आर्य जातिमा सूचीकृत नभएका ३६ भन्दा बढी जातिहरुको हकहित र विकासको लागि योगदान गर्ने उद्देश्य राखी २०५५/०२/०६ मा स्थापित नेपाल पिछडावर्ग (ओबिसी) महासंघ २३ वर्ष पुरा गरी २४ वर्षमा लागेको छ । आउँदो वर्ष यसले रजत जयन्ती मनाउँदैछ।

२. हालसम्मका मुख्य उपलब्धिहरु

२.१ संगठन विस्तार : महासंघको सबैभन्दा ठूलो उपलब्धि संगठन विस्तार नै हो । स्थापनादेखि हालसम्म भौगोलिक रुपमा महासंघ पिछडावर्गको बाहुल्यता भएका २९ जिल्लामा विस्तार भएको छ । सांगठनिक संरचनाको हिसाबले केन्द्र (१), प्रदेश (६), जिल्ला (२९) र स्थानीय तह (२०० बढी) गरी जम्मा २४० वटा संगठन विस्तार भएका छन् भने भातृ संगठनको रुपमा महिला, किसान, विद्यार्थी, युवा, पत्रकार, शिक्षक, एकल महिला, श्रमिक र युथ रेजिमेन्ट गरी ९ वटा वर्गीय संगठन निर्माण भएका छन् । यी सबैमा नेतृत्वपंक्तिका ७००० माथि र साधारण सदस्य गरी करीब अढाई लाख सदस्य आवद्ध छन् ।

२.२ संस्थागत विकास : महासंघको बैठक, साधारणसभा तथा अभिवेशन, वार्षिक नवीकरण, सांगठनिक गतिविधि नियमित रुपमा सञ्चालन भैरहेको छन् । महासंघ समाज कल्याण परिषद, आन्तरिक राजश्व कार्यालय र काठमाडौ महानगरपालिकामा आवद्ध छ। भविष्यमा तहगत सरकारी निकाय तथा सञ्जालमा आवद्ध हुँदै जानेछ।

२.३ सरकारी संरचना : महासंघको निरन्तर आन्दोलनको फलस्वरुप सरकारले पिछडावर्गको हकहित संरक्षण र सम्बोधनका लागि नेपालको संविधानमा स्पष्ट व्यवस्था गरेको छ । क्षेत्रीय तथा जातीय आयोगहरु (राष्ट्रिय समावेशी आयोग) र पिछडिएको समुदाय (ओबिसी) उत्थान विकास समिति गठन भइ क्रियाशील रहेका छन्।

२.४ सदस्य सेवा : सदस्य सेवातर्फ समुदायको हकहितका लागि विभिन्न मागहरु राखी नेपाल सरकारसँग ७ पटकभन्दा बढी सम्झौता तथा समझदारीहरु सम्पन्न भएका छन् । आर्थिक वर्ष २०६४/०६५ सालदेखि लक्षित वर्ग शीर्षक अन्तर्गत पिछडावर्ग बजेट विनियोजन भइ कार्यक्रम सञ्चालन हुन लागेकोमा हाल उक्त कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन हुन सकेको छैन । सदस्यहरुलाई आपतकालीन अवस्था आइपरेको बेलामा महासंघले न्यायिक अधिकारको लागि सहजीकरण तथा समन्वय र प्राकृतिक प्रकोपको अवस्थामा राहत सहयोग कार्यहरु सञ्चालन गर्दै आएको छ।

३. आ.व. २०७७/०७८ का प्रगतिहरु

कोरोना संकटका कारण सबै कामहरु करीब ठप्प भएको अवस्थामा सांगठनिक गतिविधिहरुको नियमितता नै गत वर्षको मुख्य उपलब्धि हो । यस्तो अवस्थामा पनि महासंघका ६ वटा महत्वपूर्ण बैठकहरु सम्पन्न भएका छन् । यसका साथै महिलाहरुलाई सांगठनिक र आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले महिला सशक्तिकरण राष्ट्रिय अभियान आरम्भ भएको छ । यसैगरी रौतहट जिल्लाको माधवनारायण न.पा. वडा नं. ४ मा पिछडावर्ग नमुना बस्तीको काम आरम्भ भएको छ । कर्णालीबाहेक सबै प्रदेशमा प्रदेश समितिहरु गठन भइ सञ्चालनमा रहेका छन् । राष्ट्रिय समावेशी आयोगको संयोजनमा थर सूचीकरण कार्यक्रममा महासंघको सहभागिता रहेको छ । सरकारका विभिन्न तहमा समसामयिक माग पेश गर्ने काम भएको छ । विभिन्न संस्थाहरुसँग सहकार्य अघि बढाइएको छ ।

४. आर्थिक विवरण

सांगठनिक रुपमा महासंघ ठूलो आकारमा विस्तार भइरहे तापनि आर्थिक रुपमा ठूलो चुनौति छ । हाल पनि निकै कठिनाइका साथ कार्यालय खर्चहरु व्यवस्थापन भइरहेका छन् । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार कुल आम्दानी रु. १५८, ७०० (एक लाख अन्ठाउन्न हजार सात सय मात्र) भएको छ भने तिर्न बाँकी कर रु. १३,७०० (तेह्र हजार सात सय मात्र) तथा सापटी तिर्न बाँकी रु. १,२४५,७९८ ( बाह्र लाख पैंतालिस हजार सात सय अन्ठानब्बे मात्र) रहेको देखिन्छ, जसलाई यस वर्ष विशेष योजना बनाइ चुक्ता गर्ने लक्ष्य राखिएको छ ।

५. वर्तमान अवस्था ५.१ अवसरहरु - पिछडावर्गका समुदायमा पेशाका आधारमा ३६ बढी पेशागत जातिहरु रहेका छन् । यी जातिहरुको पेशालाई व्यवसायीकरण गर्न सकिएमा आर्थिक समृद्धिको ठूलो अवसर छ । - विकासका लागि संवैधानिक तथा कानुनी अवसरहरु पर्याप्त छन् ।

५.२ समस्या तथा चुनौतिहरु

- राजनीतिक अस्थिरताको कारण विकास कार्य सुचारु हुन नसक्नु । - कर्मचारीतन्त्रमा पिछडावर्गमैत्री सेवाको कमी हुनु । - समुदायका अधिकांश जनसंख्या शिक्षा, सूचना र सेवाको पहुँचबाट टाढा हुनु । - आर्थिक तथा सामाजिक रुपमा पिछडावर्गको प्रतिनिधि गरिरहेकोले सांगठनिक विस्तार तथा संस्थागत व्यवस्थापनमा समेत आर्थिक क्षमता न्युन हुनु । - संगठनभित्रै विभिन्न अनावश्यक मुद्दाहरु बोक्न बाध्य भएको र जिम्मेवारी बहनमा कठिनाइ । - पिछडावर्ग महासंघकै प्रकृतिका अन्य अवैधानिक संस्थाहरु खोली सदस्यमा भ्रम पैदा भएको ।

- पिछडिएको समुदाय (ओबिसी) उत्थान विकास समिति जस्ता सरकारी संस्थाहरु खारेजीको जोखिममा रहेको। - आर्थिक अभावका कारण नेतृत्व विकास क्षमता कार्यहरु सञ्चालन गर्न कठिनाइ भएको । ५.३ सञ्चालन रणनीतिहरु

विद्यमान अवसर तथा चुनौतिहरुको सामना गर्दै महासंघ समयअनुसारको अल्पकालीन र दीर्घकालीन उपयुक्त रणनीति बनाइ अघि बढिरहेको छ । आगामी वर्षबाट जनगणना २०७८ को प्रतिवेदन, सरकारको आवधिक योजना र विकासको वर्तमान पहुँचलाई मुख्य आधार बनाइ सो को आधारमा १० वर्षे रणनीति तथा आवधिक योजना बनाइ अघि बढ्ने नीति तय गरेको छ।

६. आगामी दीर्घकालीन रणनीति र आ.व.२०७८/०७९ को वार्षिक कार्ययोजना

आगामी वर्षका लागि पिछडावर्गको हकहित तथा पहिचान संरक्षण, संगठन विस्तार र परिचालन, संस्थागत विकास र व्यवस्थापन, साझेदारी र सहकार्य, आर्थिक सबलीकरण गरी मुख्य ५ वटा विषयगत क्षेत्र निर्धारण गरी सो को रणनीति तथा विस्तृत वार्षिक कार्यक्रम तयार गरेको छ । कार्यक्रमको विवरण अनुसूची १ मा राखिएको छ।

७. आ.व. २०७८/०७९ को प्रस्तावित बजेट

आगामी वर्षको कार्यक्रमको आधारमा मूलतः अघिल्ला वर्षहरुको सापटी फिर्ता, कर चुक्ता, सदस्यता विस्तार, आन्तरिक आयआर्जन योजनाहरु, आगामी वर्षका विकास कार्यक्रमहरु र दीर्घकालीन कोषहरुको स्थापना गरी रु. ११,७४१,९२३.०० (एक करोड सत्र लाख एकचालीस हजार नौसय तेइस) को अनुमानित बजेट प्रस्ताव गरिएको छ । बजेटको विस्तृत विवरण अनुसूची २ मा राखिएको छ ।

. धन्यवाद ज्ञापन अन्तमा, यस महासंघको विकासमा स्थापनाकालदेखि विभिन्न तरिकाबाट योगदान, साथ सहयोग दिँदै आउनुभएका सम्पूर्ण सदस्य, साधारणसभामा उपस्थित प्रतिनिधि तथा सहयोगी व्यक्ति र संस्थाहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै महासंघले यस प्रतिवेदनमार्फत प्रस्तुत गरेका दीर्घकालीन योजनाका लक्ष्यहरुको प्राप्तिका लागि सधैं, सबै पक्षको सहयोगको अपेक्षा र सहकार्यको आव्हान गर्दछु । धन्यवाद।

श्री गजेन्द्र ठाकुर
केन्द्रिय अध्यक्ष

**अनुसूची १ : आगामी दीर्घकालीन रणनीति र आ.व. २०७८/०७९ को वार्षिक कार्ययोजना**

| सेवा क्षेत्र र दीर्घकालीन रणनीति | वार्षिक कार्यक्रम | एकाइ | लक्ष्य |
|---|---|---|---|
| **क. पिछडावर्गको हकहित तथा पहिचान संरक्षण** | | | |
| १. महासंघको साझेदारीमा स्थानीय तहमार्फत सञ्चालन गर्ने गरी राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरमा **'राज्यको आधारभूत सेवाहरुमा पिछडावर्गको पहुँच विस्तार सहजीकरण कार्यक्रम'** (आसेप) स्वीकृत गराइ पिछडा वर्गको सबैभन्दा बढी भएका वडाहरुमा आयआर्जन, शिक्षा र स्वास्थ्य सेवाहरुको पहुँच विस्तार सहजीकरण एकाइ सञ्चालन गर्ने । | १.१ प्रदेश १ र २ का कम्तीमा २ वटा स्थानीय तहमा नमुना कार्यक्रमको रुपमा **'राज्यको आधारभूत सेवाहरुमा पिछडावर्गको पहुँच विस्तार सहजीकरण कार्यक्रम'** सञ्चालन गर्ने । | पालिका | २ |
| २. पिछडावर्गको हक अधिकारको संरक्षण र अधिकतम अभ्यासका लागि राज्यका सबै तहमा निर्वाचन, नियुक्ति र लोक सेवामार्फत भर्ना हुने क्षेत्रमा उनीहरुको पहुँच बढाउन पहल गर्ने । | २.१ घोषणापत्र र निर्वाचन कार्यक्रममार्फत सम्बोधन गर्न सबै राजनीतिक दलहरुबीच अन्तरक्रिया गर्ने, लिखित माग पेश गर्ने र लिखित ( सम्भव भएसम्म) समझदारी लिने । | अन्तरक्रिया | १० |
| ३. आम सदस्य र सेवाग्राहीलाई सरल रुपमा सेवा दिन तथा संगठनको दैनिक गतिविधि व्यवस्थित सञ्चालन गर्न सशुल्क (बजार भाउभन्दा सरल) सेवा केन्द्र सञ्चालन गर्ने । | ३.१ केन्द्र र १ वटा प्रदेश कार्यालयमा नमुना सदस्य सेवा केन्द्र सञ्चालन गर्ने । | सेवाकेन्द्र | २ |
| ४. संगठन र उद्यम संगसँगै विस्तार गर्ने गरी पिछडा वर्ग महिला सशक्तिकरण राष्ट्रिय अभियान सञ्चालन गर्ने । | ४.१ पालिकास्तरीय पिछडा वर्ग महिला संघ स्थापना र प्रशिक्षण (संगठन तथा उद्यम विकास प्रशिक्षण) । | वटा | १० |
| | ४.२ सम्भाव्यता अध्ययन र पालिका तथा वडास्तरीय पिछडा वर्ग महिला उद्यमशीलता स्थापना (प्रदेश १, २, ५ मा कम्तीमा २/२ वटा) । | वटा | ६ |
| | ४.३ महिला संघ नमुना उद्यम सञ्चालन (प्रदेश नं. १ र २) । | वटा | २ |
| ५. जातीय हकहित तथा पहिचानमा उल्लेख्य योगदान गर्ने ऐतिहासिक व्यक्तिहरुको अभिलेख तयार गरी सो को पुस्तक, शालिक , फ्रेम फोटो, पोष्टर आदि निर्माण, स्थापना र बिक्री गर्ने । | ५.१ ऐतिहासिक व्यक्तित्वहरुको अभिलेख तयार गरी प्रचार प्रसार तथा प्रवर्धन योजना तयार गर्ने । | पटक | १ |
| ६. सजीव संग्रहालयसहितको पिछडावर्ग नमुना बस्ती स्थापना गर्ने । | ६.१ विस्तृत सम्भाव्यता अध्ययन, जग्गा व्यवस्थापन र परिकल्पना योजना र डीपपीआर तयार गर्ने । | वटा | १ |
| **ख. संगठन विस्तार र परिचालन** | | | |
| ७. प्रदेश नं. २ लाई प्राथमिकतामा राखी केन्द्रदेखि स्थानीय तहसम्मका महासंघ र भातृ संगठनहरु विस्तार गर्ने । | ७.१ प्रदेश समिति गठन/पुनर्गठन । | वटा | ७ |
| | ७.२ जिल्ला समिति गठन । | वटा | ३५ |
| | ७.३ पालिका समिति गठन । | | १२० |
| | ७.४ भातृ संगठन गठन (प्रदेश नं. २ र काठमाडौ उपत्यकामा सबै) । | वटा | १६ |
| | ७.५ अन्तरराष्ट्रिय समन्वय समिति गठन (केन्द्रिय समितिको संयोजनमा) । | वटा | १ |
| **ग. संस्थागत विकास र व्यवस्थापन** | | | |
| ८. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनको आधारमा महासंघको १० वर्षे रणनीतिक योजना ( २०७९-०८९) तयार गरी आगामी राष्ट्रिय महाधिवेशनबाट पारित गर्ने । | ८.१ संस्थाको १० वर्षे रणनीतिक योजना तयारी । | वटा | १ |
| ९. केन्द्र र प्रदेश कार्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने । | ९.१ सेवा केन्द्रसहित केन्द्रिय कार्यालय सञ्चालन । | वटा | १ |
| | ९.२ केन्द्रिय कार्यालयमा कम्तीमा १ जना पूर्णकालीन कर्मचारीको व्यवस्था गर्ने । | जना | १ |
| | ९.३ संस्थाको रणनीतिक योजना र व्यवस्थापनका लागि १ जना योजना विज्ञको व्यवस्था गर्ने । | जना | १ |
| | ९.४ प्रदेश नं. २ को कार्यालयलाई सेवा केन्द्रसहित (कम्तीमा १ जना कर्मचारी) सञ्चालन गर्ने । | वटा/जना | १ |
| १०. संस्थाको उद्देश्य र कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न वैज्ञानिक कार्य व्यवस्थापन गर्ने । | १०.१ केन्द्रिय समितिका पदाधिकारीबाट ३ सदस्यीय विभागीय समितिमा कार्यविभाजन गर्ने: क. सचिवालय समिति (दैनिक कार्य सञ्चालन, विषयगत संयोजकसहित) ख. संगठन विकास समिति (संगठन विस्तार) ग. स्रोत व्यवस्थापन समिति (आर्थिक, भौतिक, बौद्धिक स्रोतहरु परिचालन) घ. सदस्य सेवा समिति (सदस्य हकहित) | समिति | ४ |
| | १०.२ सभाबाट पारित योजनाहरुलाई वार्षिक कार्ययोजना तर्जुमा बैठकबाट पूर्णता दिने । | पटक | १ |
| ११. बहुद्देश्यीय सेवासहितको महासंघको आफ्नै केन्द्रिय कार्यालय स्थापना गर्ने (७ वर्षभित्र) । | ११.१ केन्द्रिय कार्यालय भवन स्थापनाका लागि परिकल्पना पत्र र कार्यविधि बनाइ छुट्टै कोष स्थापना गर्ने । | पटक | १ |
| **घ. साझेदारी र सहकार्य** | | | |
| १२. महासंघसँग समान उद्देश्य भएका देश तथा विदेशका संस्थासँग सहकार्य विस्तार गर्ने । | १२.१ आयोग तथा सरकारी निकायसँग सहकार्य सम्झौता गर्ने (मधेशी आयोग, महिला आयोग, समावेशी आयोग, दलित आयोग, आदिवासी तथा जनजाति आयोग, मुस्लिम आयोग, थारु आयोग, नेपाल पिछडावर्ग उत्थान समिति आदि) । | वटा | १० |
| | १२.२ पिछडा वर्ग हितसम्बन्धी काम गर्ने छिमेकी देशका राष्ट्रिय संस्थासँग सहकार्य सम्झौता गर्ने । | वटा | १ |
| | १२.३ मधेश-पहाड मितेरी सम्बन्ध विकासका लागि अन्तर भ्रमण कार्यक्रम आयोजना गर्ने । | | |
| १३. सदस्यहरुको न्यायिक अधिकारसम्बन्धी सहजीकरण सेवाका लागि प्रहरी, अदालत, स्थानीय तहसँग समन्वय गर्न गृह मन्त्रालयको समन्वयमा समन्वयकर्ता परिचालन गर्ने । | १३.१ केन्द्रिय पदाधिकारी तथा विज्ञ सदस्यमध्येबाट १ जना केन्द्रिय न्यायिक समन्वयकर्ता नियुक्त गर्ने । | जना | १ |
| १४. संस्थाको उद्देश्य तथा कार्यक्रम कार्यान्वयनमा विभिन्न विज्ञ तथा सहयोगी व्यक्तिहरु परिचालन गर्ने र सो योगदानको वार्षिक सभामा कदर गर्ने । | १४.१ विभिन्न विषयगत विज्ञहरुको सूची तयारी, परिचालन र वार्षिक सम्मान । | जना (कम्तीमा) | ५ |
| | १४.२ महादान अभियानका योगदानकर्ताहरुको वार्षिक सम्मान कार्यक्रम । | जना | १०० |
| **ङ. आर्थिक सबलीकरण** | | | |
| १५. महासंघको उद्देश्य र कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न संस्थालाई आर्थिक रुपमा स्रोत सम्पन्न बनाउने । | १५.१ नेपाल पिछडावर्ग कल्याण कोष स्थापना । | वटा | १ |
| | १५.२ सम्बन्धित निकायबाट स्वीकृति लिइ विशेष सहकारी वा वित्तीय सेवा सञ्चालन गर्ने । | वटा | १ |
| | १५.३ संस्थाको आयआर्जन हुने किसिमका व्यवसायिक भवन, सेवा, उत्पादन, सामाजिक कोष लगायतका विषयहरुको सम्भाव्यता पहिचान गरी दिगो आयआर्जनको विस्तृत योजना तयार गर्ने । | वटा | १ |
| | १५.४ बहुद्देश्यीय सेवासहितको महासंघको आफ्नै केन्द्रिय कार्यालय स्थापना गर्नका लागि परिकल्पना पत्रसहित **पिछडावर्ग महासंघ संस्थागत विकास महादान अभियान** (नगद, सामान, गाढी, घर, जग्गा, श्रम आदि) सञ्चालन गर्ने । | वर्षभर | १ |


## हार्दिक मंगलमय शुभकामना

हिन्दू धर्मावलम्बीहरूको महान पर्व बडा दशैं विजया दशमीको पावन अवसरमा सम्पूर्ण सम्मानित देशवासी तथा प्रदेशवासी, देश एवं विदेशमा रहनु भएका मित्रगण, अग्रज राजनीतिकर्मी, समाजसेवी, संचारकर्मी एवं सम्पूर्ण सम्मानित साथी महोदयमा सुख, शान्ति, सु-सवासथय एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



**राम प्रवेश बैठा**
उपाध्यक्ष
दलित विकास समिति, प्रदेश नं.२ जनकपुरधाम ।


## मिथिला क्षेत्रको उत्थानमा पूर्वउपराष्ट्रपतिको जोड



काठमाडौं । नेपालको प्रथम उपराष्ट्रपति परमानन्द झाले मिथिलाको इतिहास र ऐतिहासिकतालाई युवापिढी जागरुक हुनुपर्ने बताएका छन् । उनले हजारौं वर्ष पूरानो मिथिलाको महत्वलाई उजागर गर्नसमेत आवश्यक रहेको बताएका हुन । मिथिला संस्कृति समाज नेपालले काठमाडौंस्थित तमु बौद्ध सेवा समितिमा शनिबार आयोजना गरेको मिथिला स्रष्टा सम्मान एवं विमोचन कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् ।

सोही कार्यक्रममा मिथिला संस्कृति समाज नेपालले मिथिला कला, संस्कृति, भाषालगायतका योगदान पुर्‍याएका स्रष्टाहरुलाई सम्मान गरेको छ । मिथिला स्रष्टाहरुलाई सम्मान गरेको हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । सो कार्यक्रममा विशिष्ट अतिथिका रुपमा मिथिला अभियानी बजरंज प्रसाद साह, जनता समाजवादी पार्टी नेपालकी नेतृ रेखा यादव, तराई मधेश राष्ट्रिय परिषद्का संयोजक अधिवक्ता विकास कुमार ठाकुरलगायतले मिथिला कला क्षेत्र, भाषा, संस्कृतिबारे आआफ्नो धारणा राखेका थिए । मिथिला संस्कृति समाजका अध्यक्ष विरेन्द्र ठाकुरको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने सञ्चालन अंशु झाले गरेकी थिइन् ।

## मधेश अपडेट

### 'संघीयता धरापमा पार्ने षड्यन्त्र भयो'

जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले संघीयतालाई धरापमा पार्न विभिन्न तत्वहरुले चलखेल गरिरहेको बताएका छन् । विभिन्न पार्टी परित्याग गरेका नेता कार्यकर्ता सोमबार जनता समाजवादी पार्टी नेपालमा प्रवेश गराउँदै मुख्यमन्त्री राउतले यस्तो कुरा बताएका हुन् । मुख्यमन्त्री राउतले संघीयताको जननी रहेको प्रदेश २ लाई बदनाम गराउन र अन्ततः संघीयतालाई नै धरापमा पार्न विभिन्न तत्वहरुले चलखेल गरि रहेको उल्लेख गर्दै त्यस्ता तत्वहरुलाई परास्त गर्त आम जनतालाई सचेत हुनु पर्ने बताए । धनुषा जिल्लाको हंसपुर नपा वडा नं. ४ मणिपट्टीमा आयोजित पार्टी प्रवेश कार्यक्रममा नेपाली काँग्रेस र नेकपा एमाले परित्याग गरेका करिब ३ सय जना जसपामा प्रवेश गरेका छन् । नव प्रवेशीहरुलाई गम्छा र माला लगाई स्वागत गर्दै मुख्यमन्त्री राउतले उत्पीडित वर्गको उत्थानका लागि जसपा सदैब अडिग रहने विश्वास दिलाए । स्थानीय नेता फिरोज मंसुरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा केन्द्रीय सदस्य हरिनारायण यादव, अरुणसिंह मण्डल, दीपक कार्की, प्रदेशसभा सदस्य राम अशिष यादव, जिल्ला अध्यक्ष पशुपति यादव, बौद्धिक पेशाकर्मीका उपाध्यक्ष जितेन्द्र यादव, युवा अध्यक्ष दिपेन्द्र कापडी, नगर अध्यक्ष रामनारायण कापडी सहितको उपस्थिति रहेको थियो ।

### एमाले दलको नेतामा मण्डल चयन

जनकपुरधाम । नेकपा एमाले प्रदेश २ को संसदीय दलको नेतामा सत्यनारायण मण्डल चयन भएका छन् । मण्डल यसअघि पनि दलको नेता थिए । पार्टी विभाजनपछि बसेको पहिलो संसदीय दलको बैठकले मण्डललाई संसदीय दलको नेतामा चयन गरेको हो । बैठकले सांसद किशोरी साह 'कमल' लाई प्रमुख सचेतकमा चयन गरेको छ । प्रमुख सचेतक साहका अनुसार हालै बसेको बैठकले यो निर्णय गरेको छ । प्रदेश सभा गठन भएको समयमा मण्डल नै एमालेको संसदीय दलको नेता थिए । एमाले र माओवादी मिलेर नेकपा बन्दा पनि मण्डल नै एकीकृत पार्टीको संसदीय दलको नेता थिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद बिघटन गरेपछि मण्डललाई हटाएर शत्रुघ्न महतोलाई नेता बनाइएको थियो । महतो अहिले माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टीमा गएका छन्। प्रदेश २ मा एमालेका कुल २१ सांसदमध्ये १३ जना नेकपा एकीकृत समाजवादी पार्टीमा गएका छन् । अब एमालेसँग ८ सांसद मात्रै बाँकी छन् ।

### वीरगन्ज नाका खुला

वीरगञ्ज । कोरोनाका कारण असहज बनेको मुलुकको प्रमुख भन्सार नाका वीरगन्जबाट साना सवारीसहित सर्वसाधारणका लागि खुला भएको छ । नेपाल सरकारको मन्त्रिस्तरीय निर्णय सर्कुलर जिल्ला प्रशासन कार्यालय र वीरगन्ज भन्सार कार्यालयमा आइपुगेपछि शुक्रबारबाट प्रमुख नाका खुला भएको हो । अब दुवै देशका नागरिकले निजी सवारीसहित सीमा नाका वारपार गर्न पाउने भएका छन् । नाका खुला भएपछि स्वास्थ्यसम्बन्धी केही मापदण्ड भने अपनाउन पर्नेछ । कोरोना पूर्वकै अवस्थामा नाका सुचारु भएको वीरगन्ज भन्सारका सूचना अधिकारी सुमित गुप्ताले बताए । सुरक्षा र स्वास्थ्यकर्मीले अनुमति दिएका गाडीलाई कुनै रोकावट नभएको वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए । कोरोनाको दोस्रो लहर मत्थर हुन थालेपछि दुवैतर्फका मानिस सीमानाकाबाट निस्फिक्री आवतजावत गर्दै आएका थिए । उनीहरूका सवारी भने नाकामै रोकी पैदल वारपार गर्नुपर्थ्यो । बुधबारबाट त्यो झन्झट हटेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । सीमापारि नै गाडी रोकिँदा पर्यटकहरू नेपाल आउन कठिनाइ भएको थियो । स्थलमार्ग भएर भारत तथा तेस्रो मुलुकका पर्यटक पातलिँदा पर्यटकको भरमा चल्ने सीमाक्षेत्रका होटल व्यवसाय धरापमा परेका थिए । यो विषयलाई लिएर पर्साको होटल तथा पर्यटन व्यवसायी संघले केही दिनअघि प्रधानमन्त्रीलाई भेटेको थियो ।

### माओवादी केन्द्रका नेताहरूको कार्यविभाजन

विराटनगर । नेकपा माओवादी केन्द्र प्रदेश १ प्रदेश समितिले प्रदेशमा जिल्ला सहइन्चार्ज, निर्वाचन क्षेत्रीय समन्वय समिति र उपमहानगरपालिकाको कार्यविभाजन गरेको छ । समितिका अनुसार प्रदेशका केही जिल्लामा कार्यविभाजन भएको हो । सो क्रममा सुनसरी जिल्ला समन्वय समितिको संयोजकको जिम्मेवारी सुरेन्द्र मेहता र सहइन्चार्जमा योगेन्द्रप्रसाद मण्डललाई तोकेको समितिले जनाएको छ । त्यसैगरी, भोजपुर जिल्ला समन्वय समितिको सहइन्चार्जमा राजेश खतिवडा, धनकुटा सहइन्चार्जमा डिल्लीराम राईलाई जिम्मेवारी दिइएको छ । उदयपुर निर्वाचन क्षेत्रीय समन्वय समितिको संयोजकमा भगवती खनाललाई मनोनयन गरिएको पार्टीले जनाएको छ ।

### तारबार हटाउने अभियान सुरू

रौतहट । डिभिजन वन कार्यालय रौतहटले चुरे क्षेत्रमा अतिक्रमण रोक्न पहिलो चरणमा अतिक्रमणकारीले लगाएको तारबार हटाउने अभियान थालेको छ । पछिल्लो केही समययता आफूलाई सुकुम्बासी भन्नेहरू चुरे क्षेत्रमा तारबार लगाउँदै ठूलाठूला पक्की घर बनाउन थालेपछि वन कार्यालयले हटाउने अभियान थालेको हो । सुरक्षा दस्तासहित चुरे क्षेत्रमा पुगेर दुई सातादेखि अभियानकै रूपमा अतिक्रमण हटाउँदै आए पनि उनीहरूले हैरान पारेको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका निमित्त प्रमुख अमरदेव यादवले बताए । पछिल्लो समय चुरे अतिक्रमण गरी बसेकाले राष्ट्रिय वनभित्रै पक्की घर बनाएका छन् । उनीहरू निर्धक्क र निर्वाध रूपमा भौतिक संरचना निर्माण गरिरहेका छन् । चुरे क्षेत्रको भोलनटार, अरुणबस्ती, इपिलिघारी, महादेवडाडा, स्वस्तीलगायत क्षेत्रमा सुकुम्बासी भनाउँदाहरू रातारात अक्रिमणमा सक्रिय रहेको वन कार्यालयले जनाएको छ ।

### सीमा नाकामा कुकुरले चेकजाँच गर्दै

धनगढी । प्रहरीले कैलालीमा तालिम प्राप्त कुकुरको प्रयोग गरेर सीमा नाका र बसपार्क क्षेत्रमा चेकजाँच गरेका छन् । दशैं, तिहार र छठ पर्वका बेला सीमा नाकाबाट हातहतियार र लागुऔषध जस्ता वस्तुको ओसारपसार हुन सक्ने कुरालाई मध्यनजर गर्दै चेकजाँचमा तालिम प्राप्त कुकुरको प्रयोग गरिएको कैलाली प्रहरीले जनाएको छ । कैलालीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) विश्व अधिकारीले गौरीफन्टा नाका, धनगढी बसपार्क र अत्तरिया बसपार्कमा तालिम प्राप्त कुकुरको प्रयोग गरेर चेकजाँच गर्न थालिएको जानकारी दिए । अधिकारीले सीमा क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधीलाई दृष्टिगत गरेर चेकजाँचमा थप कडाइ गरिएको पनि जनाए । दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गरेर बनाइएको सुरक्षा योजनाअनुसार जिल्लाभर नै कडाइ गरिएको एसपी अधिकारी बताउँछन् ।

### झाडापखालाबाट २ जनाको मृत्यु

कपिलवस्तु । कपिलवस्तुको कृष्णनगरमा झाडापखालाको प्रकोपबाट दुई जनाको मृत्यु भएको छ । यस्तै एक सयभन्दा धेरै विरामी परेका छन् । कृष्णनगर नगरपालिकाका वडा नम्बर ७, ८ र ९ मा झाडापखालाको प्रकोप देखिएको छ । बहादुरगञ्जस्थित शिवराज अस्पतालमा बिरामीहरुको चाप छ । अस्पतालमा झाडापखालाका ९० भन्दा बढी व्यक्ति उपचाररत छन् । बिरामीको चाप बढेपछि एउटा बेडमा दुई जनालाई राखेर र कतिपयलाई भुईंमै राखेर उपचार गर्नु परेको शिवराज अस्पतालका डाक्टर मुकेश चौधरीले जानकारी दिए । बिरामीहरुलाई अस्पतालको आँगनमा खटियामा राखिएको छ । डोरी टाँगेर, त्यसमा स्लाइन पानी झुण्ड्याएर बिरामीहरुलाई दिइएको छ । झाडापखालाबाट एउटै गाउँका ६२ जनासम्म बिरामी परेका छन् । बिरामीहरु धेरैजसो बालबालिकाहरु छन् । गम्भीर बिरामी परेकाहरुलाई जिल्ला अस्पतालमा र लुम्बिनी प्रादेशिक अस्पतालमा रिफर गरिएको छ । यसैगरी जिल्ला अस्पतालबाट चिकित्सकको विज्ञ टोली शिवराज अस्पताल पठाइएको छ ।

### प्रहरी दिवसमा २६ प्रहरी पुरस्कृत

बाँके । ६६औं प्रहरी दिवसका अवसरमा बाँकेका २६ जना प्रहरी कर्मचारी पुरस्कृत भएका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेमा बुधबार आयोजित विशेष कार्यक्रममा उत्कृष्ठ काम गरे वापत इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख (डिएसपी) रविन्द्र खनालसहित २६ जना जुनियर प्रहरी अधिकृत तथा जवानलाई पुरस्कृत गरिएको हो । उनीहरुलाई नगद र प्रमाणपत्र प्रदान गरिएको जिप्रका बाँकेका प्रवक्ता (डिएसपी) मधुसुदन न्यौपानेले नागरिकलाई जानकारी दिए । दिवसका अवसरमा प्रहरीलाई विभिन्न क्षेत्रबाट सहयोग पुर्याउने नागरिक समाज, सामाजिक संस्थाका प्रतिनिधी लगायतलाई पनि सम्मान गरिएको छ । यस्तै 'लागु औषधविरुद्धको निस्तेज महाअभियान' स्मारिका पनि विमोचन गरियो । दिवसको पूर्वसन्ध्यामा आयोजित खेलकुद प्रतियोगितामा विभिन्न स्थान प्राप्त गरेका प्रहरी खेलाडीलाई पनि सोही समारोहमा पुरस्कृत गरिएको थियो ।

## परराष्ट्रमन्त्री र राजदूतबीच छलफल

काठमाडौं । परराष्ट्र मन्त्री डा. नारायण खड्का र नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राबीच भेटवार्ता भएको छ । भारतीय राजदूत क्वात्राले परराष्ट्र मन्त्रालयमै पुगेर परराष्ट्र मन्त्री खड्कासँग भेटवार्ता गरेका हुन् । भेटका क्रममा द्विपक्षीय सम्बन्धको सबै महत्वपूर्ण पहलका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । यस्तै अर्को सातासम्म कोभिसिल्ड खोपको आपूर्तिका विषयमा समेत उनीहरुबीच छलफल भएको परराष्ट्रले जानकारी दिएको छ । गत फागुनमा सरकारले भारतको सेरम इन्स्टिच्युटसँग खरिद सम्झौता गरेको २० लाख डोज कोभिसिल्ड खोपमध्ये १० लाख डोज खोप आउन बाँकी छ । सोही खोप सम्भवतः अर्को साता नेपाल भित्रिने भएको हो ।

## अनुपम खेरले पशुपतिको दर्शन

काठमाडौं । बलिउड निर्देशक सुरज बडजात्याको निर्देशनमा बन्न लागेको 'उचाई' चलचित्रको छायाँकनका लागि नेपाल आएका अनुपम खेरसहितले मंगलबार पशुपतिनाथको दर्शन गरेका छन् । अभिनेता खेरले मंगलबार बिहान सामाजिक सञ्जालमा पशुपतिनाथ मन्दिरको दर्शन गरेको भिडियो समेत राखेका छन् । भिडियोमा उनले आफू निकै खुशी भएको बताएका छन् । खेरले सबैका लागि खुशी मागेको समेत बताएका छन् । हिन्दू स्थानमा आएर पूजा गर्दा मनमा शान्ति मिल्ने गरेको पनि खेरले बताएका छन् । भारतीय कलाकारहरु खेर, बोमन इरानी, परिणिति चोपडा र सारिका हसन नेपाल आएका छन् । उनीहरु चलचित्र छायाँकनका लागि आएका हुन् । उनीहरु मनाङ, मुस्ताङ, लुक्ला, लाङटाङलगायतका ठाउँमा छायाँकन गर्ने छ ।

# पिछडावर्गको २३औं साधारण सम्पन्न

काठमाडौं । नेपाल पिछडावर्ग (ओबीसी) महासंघको २३औं साधारणसभा सम्पन्न भएको छ । सोमबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा सम्पन्न साधारणले आगामी दीर्घकालीन रणनीति र आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्ययोजना पारित रहेको हो ।




कार्यक्रमको खुल्ला सत्रका विशिष्ट अतिथि प्रदेश नं. २ का भूमि सुधार, कृषि तथा सहकारी राज्यमन्त्रीले पिछडावर्गका समुदायहरु एकजुट हुनुपर्ने आवश्यकता रहेको बताएका थिए । उनले आफ्नो प्रदेश २ को सरकारले पिछडावर्गको उत्थानका लागि विभिन्न कार्यक्रम र योजनाहरु सञ्चालन गरिरहेको जानकारी दिए । प्रदेश सरकारले पिछडावर्गसँग सहकार्यका लागि सदैव तयार रहेको बताउँदै राज्यमन्त्री यादवले पिछडावर्गको उत्थान र अधिकारका लागि महासंघसँग समन्वय गरेर अघि बढ्ने बताए । पिछडावर्ग महासंघका अध्यक्ष गजेन्द्र ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश कमिटी सदस्य, जिल्ला कमिटी, जनवर्गीय संगठनका कमिटीहरुका महासमितिसभा सदस्य तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा आर्थिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र भावी योजनाको प्रतिवेदनसमेत प्रस्तुत गरिएको थियो ।






सुरेश मण्डल
प्रदेशसभा सदस्य, प्रदेश नं. २
जनता समाजवादी पार्टी नेपाल





विदेश्वर प्रसाद यादव
प्रदेशसभा सदस्य, प्रदेश नं. २
जनता समाजवादी पार्टी नेपाल





सिताराम मेहता
प्रतिनिधिसभा सदस्य
नेपाली कांग्रेस





उपेन्द्र महतो
प्रदेशसभा सदस्य, प्रदेश नं. २
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल





किशोर कुमार यादव 'केसी'
युवा नेता
जनता समाजवादी पार्टी नेपाल





कृष्ण कुमार गुप्ता
प्रदेश नं. २ कमिटी सदस्य
नेकपा एमाले

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### प्रदेश २ सरकारविरुद्ध जनमतको प्रदर्शन

जनकपुरधाम । सीके राउत नेतृत्वको जनमत पार्टीले प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय अगाडि प्रदर्शन गरेको छ । मुख्यमन्त्री कार्यालयले सञ्चालन गरेको बेटी बचाऊ, बेटी पढाऊ अभियानमा अनियमितता भएको भनी अख्तियारले छापा मारे पछि जनमत पार्टीले सोमबार प्रदर्शन गरेको हो । नगरको विभिन्न ठाउँमा मोटरसाइकल जुलुस प्रदर्शन गरेका उनीहरुले मुख्यमन्त्री कार्यालयको गेट अगाडि नाराबाजी गरेका थिए । प्रदर्शनका क्रममा उनीहरुले भ्रष्टाचारी पार्टी मधेश छोड, भ्रष्टाचारी होशियार, भ्रष्टाचारीलाई कारबाही गर, भ्रष्ट सरकार राजीनामा दे, मधेशी जनता के भन्छ ? भ्रष्टाचारीलाई जेल दे भन्छ, भ्रष्टाचारी मुख्यमन्त्री राजीनामा दे' जस्ता नारा लगाएका छन् । प्रदेश सरकारले गरेको अनियमितताकै कारण अख्तियारले छापा मारेको भन्दै उनीहरुले छानबिन गरी कारबाहीको माग गरेका छन् ।

### रौतहटका पालिकाहरू घेराउ

रौतहट । सुरक्षित आवासको माग गर्दै रौतहटको पालिकाहरुमा घेराउ तथा प्रदर्शन गरिएको छ । आवास निर्माण संघर्ष समिति शुक्रबार पालिकाहरुमा घेराउ गरेका हुन् । सुरक्षित आवास कार्यक्रम अंतर्गत घर मर्मत एवं निर्माणको लागि झण्डै ३ वर्ष देखि स्थानीय तहमा करोडौं रकम आईरहे पनि पिडितहरूले भने उक्त रकम पाएका छैनन् । स्थानीय सरकार मातहत रहेको 'सुरक्षित आवास कार्यक्रम'मा भईरहेको चरम लापरवाही एवं भ्रष्टाचारले गर्दा करोडौं रकम फ्रिज एवं दुरुपयोग हुनु आफैंमा पनि दुखद विडम्बनापूर्ण कार्य रहेको ठहर गर्दै दलित समुदायहरु आक्रोशित भएका हुन् ।

### बहुविवाह मुद्दाकी फरार महिला पक्राउ

बाँके । बहुविवाह मुद्दाकी फरार प्रतिवादी खजुरा गाउँपालिका-५ बस्ने २६ वर्षीया बिना खटिकलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेको २०७७ कात्तिक २० गतेको फैसलाले बहुबिवाह मुद्दामा ११ महिना १२ दिन कैद फैसला भई फरार रहेकी उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### मिलमा आगलागीबाट २३ लाखको क्षति

रुपन्देही । रोहिणी गाउँपालिका-३ लक्ष्मीनगरस्थित जय अम्बे राईस मिलमा करेन्ट सर्ट भई आगलागी भएको छ । बिहीबार दिउँसो एलिभेटर मेसिनमा आगलागी हुँदा मेशिनको बिभिन्न पार्टपूर्जा जलेर करिब २३ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी र सोही मिलका काम गर्ने व्यक्तिहरुको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### २२ लाख ९१ हजार रूपैयाँसहित एक जना पक्राउ

कपिलवस्तु । कृष्णनगर नगरपालिका-२ बसपार्कबाट स्रोत नखुलेको २२ लाख ९१ हजार ८ सय रुपैयाँसहित बुद्धभूमि नगरपालिका-९ धमौली बस्ने २२ वर्षीय जिवन प्रसाद भुसाललाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो शंकास्पद अवस्थामा हिँडिरहेका उनलाई ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनको झोला र शरीरबाट १ हजार दर, ५ सय दर, १ सय दरका गरी उक्त नगद फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय बुटवल रुपन्दहेहीमा पठाइएको ईलाका प्रहरी कार्यालय कृष्णनगरले जनाएको छ ।

### चक्कु प्रहार गरी हत्या गर्ने पक्राउ

रुपन्देही । शुद्धोधन गाउँपालिका-३ बेतानीस्थितमा प्लाई फ्याक्ट्रीमा काम गर्ने नवलपरासी ( पश्चिम) सुस्ता गाउँपालिका-३ घर भएका २२ वषीय अवदेश हरिजनको चक्कु प्रहरी गरी हत्या गरेको अभियोगमा भारत गोपालगंज बस्ने १८ वषीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । सविक्षा समिल नामको उक्त फ्याक्ट्रीमा काम गर्ने व्यक्ति बिच झैझगडा हुँदा ती किशोरले अवदेशलाई चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका उनको उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पतालतर्फ लैजाँने क्रममा बाटोमै मृत्यु भएको हो । उक्त घटनाको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय छपियाबाट खटिएको प्रहरीले चक्कु प्रहार गर्ने ती किशोरलाई पक्राउ गरेको हो । साथै चक्कु प्रहारबाट सामान्य घाइते भएका अवदेशका बाबु ४० वषीय गोपी चन्दको लुम्बिनी प्रादेशिक अस्पताल उपचार भइरहेको छ ।

### ७ जना फरार प्रतिवादी पक्राउ

कैलाली । विभिन्न मुद्दाका ७ जना फरार प्रतिवादीहरुलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । आइतबार पक्राउ पर्नेमा जिल्ला अदालत कैलालीबाट जबरजस्ती करणी कसूरमा ३ वर्ष ११ महिना ५ दिन कैद सजाय ठहर भएका कैलारी गाउँपालिका-१ बस्ने बिनोद चौधरी, जबरजस्ती करणीको कसूरमा ३ वर्ष कैद सजाय ठहर भएका बर्दगोरिया गाउँपालिका-६ बस्ने २२ वषीय अशोक चौधरी र लागूऔषध मुद्दाका फरार प्रतिवादी धनगढी उपमहानगरपालिका-१ बस्ने शत्रुजित जोशी रहेका छन् । उनीहरुलाई जिल्ला अदालत कैलाली पेश गरिएको छ । यसैगरी वन मुद्दाका फरार प्रतिवादीहरु धनगढी उपमहानगरपालिका-१७ बस्ने १८ वषीय २ जना किशोर, २९ वषीय कृष्ण राना र ३० वषीय बब्लु रानालाई पक्राउ गरी आवश्यक कानुनी कारवाहीको लागि डिभिजन वन कार्यालय धनगढी बुझाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### श्रोत नखुलेको रूपैयाँसहित ३ जना पक्राउ

पर्सा । वीरगञ्ज महानगरपालिका-२५ सिर्सियाबाट श्रोत नखुलेको १५ लाख ५० हजार नेपाली रुपैयाँ सहित ३ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा धोविनी गाउँपालिका-३ हरिहरपुर बस्ने २३ वर्षीय बलिराम पटेल, भारत पूर्वी चम्पारण थाना कंगेली-१ बसतपुर बस्ने २५ वर्षीय बिक्रम पटेल र भारत मोतिहारी थाना पलनवा भेलही बस्ने २९ वर्षीय मुकेश पटेल रहेका छन् । छप्कैया-सिर्सिया नाका हुँदै हुण्डी कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले ३ वटा मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा हेल्मेटभित्र लुकाई ल्याएको उक्त श्रोत नखुलेको नगद फेला पारी पक्राउ गरेको हो । उनीहरुबाट ना.६० प ५९९८, ना.४१ प १०४८ र ना.६४ प ८३५९ नम्बरको मोटरसाइकल प्रहरीले बरामद गरेको छ । उनीहरु उपर बैंक तथा वित्तिय ऐन सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

रुपन्देही । २१ वषीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा देवदह नगरपालिका(६ शिवालय टोल डेरा गरी बस्ने दाङ राप्ती गाउँपालिका(६ घर भएका ४६ वषीय हिमाल खड्कालाई प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँस्थित दाउन्ने काष्ठकलामा घुम्न गएको अवस्थामा खड्काले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### लेनदेन मुद्दाका फरार प्रतिवादी पक्राउ

बाँके । लेनदेन मुद्दाका फरार प्रतिवादी जानकी गाउँपालिका(१ बस्ने ३७ वषीय तिलक राम अहिरलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेको २०७६ जेठ १५ गतेको फैसलाले लेनदेन मुद्दामा ६ महिना कैद र ३ लाख ५० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### खोलाले बगाउँदा किशोरको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका(३ मोरङ्गे चिसापानी बस्ने हरि बहादुर थोकरको छोरा १४ वषीय सुकराज थोकरको सोही नगरपालिका(३ सोहिगैंडाटारस्थित चाँदेखोलाले बगाएर मृत्यु भएको छ । गैडाटार बजारमा किनमेल गरी घर फर्कने क्रममा उक्त खोला तर्न खोज्दा शनिबार साँझ खोलाले बगाई बेपत्ता भएको भएको थियो । ईलाका प्रहरी कार्यालय चपुर र अस्थाई प्रहरी पोष्ट गैंडाटारबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा घटनास्थलदेखि करिब ४ किलोमिटर टाढा सोही खोलाको बगरमा शव फेला पारेको हो ।

### प्रहरी दिवसमा रक्तदान कार्यक्रम सम्पन्न

कपिलवस्तु । ६६औं प्रहरी दिवस २०७८ को अवसरमा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको आयोजनामा सोही कार्यालयको प्राङ्गणमा एकदिने बृहत रक्तदान कार्यक्रम मंगलबार सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाईटी कपिलवस्तुका जिल्ला शाखाका मन्त्री सन्तोष श्रीवस्तवले जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रमुख प्रहरी उपरीक्षक दान बहादुर कार्कीलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्धारटन गरिएको थियो । रक्तदान कार्यक्रममा प्रहरी उपरीक्षक दान बहादुर कार्की समेत ५५ जना प्रहरी कर्मचारी र पत्रकार महासंघ कपिलवस्तुका जिल्ला सचिव जानु पाण्डे गरी जम्मा ५६ जनाले रक्तदान गर्नुभएको थियो ।

### ब्राउनसुगर र चरेशसहित महिला पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-१३ राजपुरबाट ९ ग्राम २ सय ७० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ र ४४ ग्राम ७ सय ७० मिलिग्राम अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ सहित सोही ठाउँ डेरा गरी बस्ने डडेलधुरा घर भएकी ३४ वर्षीया आशा बिष्टलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनको डेरामा लागूऔषध लुकाई राखेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।







पशु सेवा विभाग

**राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

**हरिहरभवन, ललितपुरको अनुरोध**

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरुको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरुलाई सडक तथा सार्वजनिक स्थानहरुमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरुलाई नियमित रुपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

# हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. १९७४

स्वर्गारोहण : वि.सं. २०७८।०६।०९

**स्व.हरिहर राय यादव**

**मेरा पुजनीय पिता श्री हरिहर राय यादवज्यूको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दु:खको यस घडीमा हामीलाई सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नातेदार, साथीभाई, आफन्तजन तथा शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।**

**शोकाकूल परिवार**

योगेन्द्र राय यादव, नागेन्द्र प्रसाद यादव, रामविश्वास प्रसाद यादव, दिपेन्द्र उदय, विजय, संजय यादव, दिलिप प्रदीप, निरञ्जन एवं समस्त यादव परिवार ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

# सम्झनामा सोनेलाल यादव




काठमाडौं । सच्चा देशभक्त एवं राजभक्त तथा विकासप्रेमी, मिलनसार, अटल स्वभावका राजनीतिज्ञ स्व.सोनेलाल यादवको सम्झना र आवश्यकता अहिलेको समयमा पनि महसुस गरिएको छ । सोनेलाल यादव स्मृति प्रतिष्ठानले स्व.सोनेलालको जीवनी र उनीबाट प्रेरित एवं नजिकबाट बुझेका व्यक्तित्वहरुको विचार समेटेर 'सम्झनामा सोनेलाल यादव' नामक पुस्तक प्रकाशन गरिएको छ । सो पुस्तकमा स्व.सोनेलालको संक्षिप्त जीवनी, पारिवारिक पृष्ठभूमिबारे चर्चा गरिएको छ भने समाज र राष्ट्रका निम्ति पुऱ्याएका योगदानबारे पनि केही कुरा उल्लेख गरिएको छ । उनीसँग निकट रही कार्य गरेका व्यक्तित्वहरुले समेत उनको योगदान र व्यक्तित्वको चर्चा गरेका छन् ।

बदलिँदो परिस्थितिमा पनि अन्तिम समयसम्म उनले आफ्नो सिद्धान्त तथा विचारबाट कलिकता पनि विचलित नभई आफ्ना कुराहरु निर्धक्कसँग राख्थे । वि.सं. २०७७ भदौ ८ गते देशभक्त, इमान्दार र मिलनसार सोनेला यादवको काठमाडौंस्थित वीर अस्पतालमा उपचारको क्रममा निधन भएको थियो ।










व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

हरिवन उपनगरपालिका
सर्लाही, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

कल्याणपुर नगरपालिका
सिरहा, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

महोत्तरी गाउँपालिका
महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

गोडैता नगरपालिका
सर्लाही, प्रदेश नं. २

## जिल्ला समाचार

### नाकाबाट भित्रिनेका लागि नयाँ मापदण्ड

धनगढी । दशैँ-तिहार नजिकिँदै गर्दा भारतबाट नेपाल प्रवेश गर्नेहरुका लागि स्थानीय प्रशासनले नयाँ मापदण्ड तोकेको छ । जिल्ला प्रशासन कार्यालय कैलालीले र सूचना जारी गर्दै नयाँ मापदण्ड तोकेको हो । जिल्ला प्रशासन कार्यालय कैलालीले भारत तथा तेस्रो मुलुकबाट जिल्ला भित्रिनेका लागि मापदण्ड तोकेको जनाएको छ । कोभिडको संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारमा प्रतिकूल असर नपर्ने गरी नेपाल आउने नेपाली तथा विदेशीको आगमन व्यवस्थित गर्न विभिन्न मापदण्ड तोकिएको हो । नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत विदेशबाट नेपाल आगमन र नेपालबाट प्रस्थान गर्ने यात्रुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश २०७८ तथा मन्त्रिपरिषद्को असोज ११ गतेको निर्णय कार्यान्वयन गर्न जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक बसी नेपाल प्रवेशका लागि सहजीकरण गरिएको सूचनामार्फत जनाइएको छ । स्थलमार्गबाट नेपाल प्रवेशका लागि धनगढी उपमहानगरपालिकास्थित कैलाली भन्सार नाका र टीकापुर नगरपालिकास्थित खक्रौला भन्सार नाकामा हेल्थ डेस्क स्थापना गरी सहजीकरण गर्न भनिएको छ । त्यस्तै भारतीय नागरिकले प्रवेश गर्नुभन्दा अगाडि ७२ घण्टाभित्रको कोरोना परीक्षण रिपोर्ट, विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने अनलाइन फाराम भरी सोको प्रिन्ट ल्याई आउनुपर्ने सूचनामा उल्लेख छ ।

### सवारीसाधनले प्रवेश पाएसँगै व्यापारी खुसी

वीरगन्ज । मुलुकै ठूलो नाकामध्येको एक पर्साअन्तर्गत वीरगन्जको रक्सौल नाकाबाट सबै खाले भारतीय सवारी साधनले नेपाल प्रवेश पाएसँगै व्यापारीमा खुसी छाएको छ । कोभिड-१९ को असहज स्थितिका कारण अत्यावश्यकबाहेक अन्य भारतीय सवारी साधनले लामो समयदेखि नेपाल प्रवेश पाएका थिएनन् । असोज ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको भारतीय सवारी साधनले प्रवेश पाउने निर्णय कार्यान्वयनमा आएसँगै व्यापारीमा खुसी छाएको हो । भारतीय सबै खाले सवारी साधनले नेपाल प्रवेश पाएपछि नेपाल र भारत दुवै देशमा व्यवसाय क्षेत्र फस्टाउनेमा आशा पलाएको उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवं वीरगन्ज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष गोपाल केडियाले जानकारी दिए । कोभिड-१९ का कारण लामो समयदेखि नेपाल र भारत दुवै देशमा व्यावसायिक कारोबार प्रभावित बनेका थिए । रक्सौल नाकाबाट भारतीय निजी सवारी साधनले नेपालमा आवागमन पाएपछि दुवै देशका व्यवसायी थप उत्साही बनेको होटेल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका अध्यक्ष हरि पन्तले बताए । सवारी साधन आवतजावतले दुई देशबीचको सम्बन्ध थप बलियो बन्दै जाने वीरगन्ज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगीले जानकारी दिए ।

### भद्रपुर नाका अझै खुलेन

झापा । भद्रपुर सीमानाका अझै सञ्चालनमा आउन सकेको छैन । गृह मन्त्रालयको परिपत्रअनुसार जिल्ला प्रशासन कार्यालय झापाले शुक्रबारदेखि जिल्लाका भद्रपुरसहित सबै नाका पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको थियो । नेपालले नाका सञ्चालन गर्ने निर्णय गरे पनि भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले कुनै आदेश नआएको भन्दै भद्रपुर-गलगलिया नाका बन्द राखेको छ । एसएसबीले कसैलाई आवतजावत गर्न दिएको छैन । यसले गर्दा भद्रपुर नगरपालिकाले सीमानाकामा राखेको स्वास्थ्यकर्मीसहितको हेल्थ डेस्क उद्घाटन कार्यक्रम पनि सरेको छ । सशस्त्र प्रहरीबल नेपाल बोर्डर आउटपोस्ट भद्रपुरका इन्स्पेक्टर विभुराज दाहाल नाका खुलाउने विषयमा सहजीकरणका लागि भारतीय एसएसबी ४१ बटालियन भातगाउँका इन्स्पेक्टर सत्यनारायणलाई भेट्न गएका थिए । त्यसबारे इन्स्पेक्टर सत्यनारायणले एसएसबी ४१ बटालियन रानिडाँगाका एसएसपी सुवासचन्द्र नेगीसँग बुझेका थिए । सशस्त्र प्रहरीबल नेपाल २ नम्बर गण झापाका एसपी रमेशकुमार पाण्डेले भारतीय सुरक्षानिकायका प्रमुखसँग नाका खुलाउने विषयमा सहजीकरण भइरहेको बताए । कोरोनाले विगत १९ महिनादेखि बन्द रहेको भद्रपुर नाका सञ्चालनमा नआउँदा दक्षिणी भेगका जनता काँकडभिट्टा नाका प्रयोग गर्न बाध्य छन् ।

### मानव खप्पर र हातखुट्टाको हड्डी बरामद

विराटनगर । सशस्त्र प्रहरीले विराटनगर-१५ रानीस्थित २ नम्बर ढाटनजिकबाट २८ वटा मानव खप्पर र १० वटा हातखुट्टाको हड्डी बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर ३ कंकालनी गणका गणपति तीर्थ पौडेलका अनुसार प्रहरी टोलीले मंगलबार रानीस्थित ढाटनजिक को२च ९६४८ नम्बरको भ्यान बेवारिस अवस्थामा देखेको र शंका लागेर जाँच मानव खप्पर र हड्डी फेला परेको हो । गत असोज १८ गते रानीबाट खटिएको सशस्त्र प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को १ च ९६४८ नम्बरको मारुती भ्यानमा उक्त मानव खप्पर फेला पारेको हो । भ्यानका चालक सशस्त्र प्रहरीलाई टाढैबाटै देख्नासाथै भ्यान छाडेर भागेपछि भ्यानभित्र चेकजाँच गर्दा बोरामा लुकाई छिपाई राखेको अवस्थामा २८ वटा खपडा र खुट्टाको हड्डी १० वटा फेला परेको प्रहरीले जनाएको छ । बरामद भएका उक्त हड्डिहरु रानी हेल्थ डेक्सका चिकित्सक मेडिकल अधिकृत कमल किशोर यादव तथा डिभिजन वन कार्यालय विराटनगरका वन अधिकृत प्रमेश्वर पासवानको टोलीले निरीक्षण गर्दा मानव खप्पर तथा हातखुट्टाको नली हाड हुनसक्ने बताएका छन् । बरामद हड्डी तथा भ्यान आवश्यक अनुसन्धानको लागि नेपाल प्रहरीलाई बुझाइएको छ ।

### रौतहटको नाका डेढ वर्षपछि खुल्यो

रौतहट । कोभिड-१९ का कारण झण्डै डेढ वर्ष अघिदेखि बन्द रहेको गौर नाका बुधबारबाट पूर्ण रूपमा सञ्चालनमा आएको छ । एक साताअघि नेपाल सरकारले सीमा क्षेत्रको नाका खुला गर्ने निर्णय गरेको थियो । गृह मन्त्रालयले केही दिनअघि जिल्ला प्रशासन कार्यालयलाई सीमा नाका खोल्न निर्देशन दिएको थियो । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भारतीय पक्षबाट पनि सीमा खुला गरेको बताए । 'अब नेपाल भारत दुवै देशमा सवारी आउजाउमा कुनै कठिनाई छैन्,' उनले भने, 'अब निर्वाध रुपमा दुवै देशका सवारीहरु नियमपूर्वक आउन जान पाउँछन् ।' कोरोना संक्रमणका कारण २०७६ चैत्र ११ गते देखि सिमा नाका बन्द थियो ।

### नेपाल राष्ट्रिय बंगाली समाज गठन

वीरगञ्ज । वीरगन्जमा बसोवास गर्ने बंगालीभाषी नेपालीहरुले नेपाल राष्ट्रिय बंगाली समाज गठन गरेका छन् । वीरगन्ज १० माइस्थान-घडिअर्वा मार्गमा रहेको दुर्गामन्दिरको प्राँगणमा समाजका केन्दीय अध्यक्ष पार्थो सरकारको प्रमुख आतिथ्य र प्रदेश २ संयोजक बिमलचन्द सरकारको अध्यक्षतामा बसेको भेलाबाट नेपाल राष्ट्रिय बंगाली समाज, पर्साको तदर्थ समिति गठन भएको हो । व्यवसायी संदीप बेनर्जीको अध्यक्षतमा गठन भएको समितिका उपाध्यक्ष कुशल गोहो ठाकुर, कल्पना दास अर्का सचिव दिलिप राउत र कोषाध्यक्ष रेणु राउत रहेका छन् । त्यसै गरी सदस्यहरुमा मिहिरचन्द्र अधिकारी, डा. गोबिन्दकुमार साह, मोहनकुमार मण्डल, कृष्णकुमार दास, अमरदीप सरकार, रुद्र हल्दर, सुमना बेनर्जी र निलोय मजमुदार छन् । नेपालमा लाखौंको संख्यामा बंगालीभाषीहरु पुस्तौंदेखि बसोवास गरे पनि संगठित नभएको कारण बेग्लै पहिचान स्थापित हुन नसकेको केन्द्रीय अध्यक्ष सरकारले बताए । राष्ट्रिय जनगणना २०७८ मा आफ्नो थर मात्र उल्लेख नगरेर समुदायको रुपमा बंगाली लेख्न आफुहरुले नेपाली बंगालीहरुलाई अह्वान गरेको उनले जनाए ।

## कोशी कोरिडोर विद्युत प्रसारणलाइन निर्माण सम्पन्न

काठमाडौं । २२० केभि डबल सर्किट क्षमताको कोशी कोरिडोर विद्युत प्रसारणलाइन (इनर्वा-वसन्तपुर-वानेश्वर-तुम्लिङटार) को निर्माण सम्पन्न भएको छ । सो अवसरमा धनकुटा जिल्लाको हिलेमा बुधबार एक समारोहको आयोजना गरिएको थियो । सोही समारोहमा नेपाल विद्युत प्राधिकरणलाई उक्त विद्युत प्रसारणलाइन हस्तान्तरण गरिएको हो । १०६ किमि लामो कोशी कोरिडोर विद्युत प्रसारणलाइनको निर्माण कूल नेरु १०.४ अर्ब (८६.८ मिलियन अमेरिकी डलर) लागतमा निर्माण भएको हो । भारत सरकारले नेपाललाई एक्जिम बैंकमार्फत उपलब्ध गराएको ५५० मिलियन अमेरिकी डलर ऋण सहयोग अन्तर्गत यस प्रसारण लाइनको निर्माण भइरहेको छ । भारतको कलपत्रु पावर ट्रन्समिसन लिमिटेडले नेरु ४.५ अर्ब (३७.३ मिलियन अमेरिकी डलर) लागतमा यस परियोजनाको पहिलो प्याकेजको निर्माणको जिम्मा लिएकोमा उक्त प्याकेजको सफलतापूर्वक निर्माण सम्पन्न भई नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गरिएको छ । बाँकी दुईवटा प्याकेजको निर्माण सम्पन्न भएपछि यस सिंगो परियोजनाले अरुण र तमोर नदीका जलविद्युत परियोजनाबाट उत्पादन हुने करिब २००० मेगावाट विजुलीको सहज वितरणलाई सुनिश्चित गर्नेछ । कलपत्रु पावर ट्रन्समिसन लिमिटेड र भारतको एक्जिम बैंकले दूतावासका नियोग-उपप्रमुख नामग्य खम्पाको उपस्थितिमा नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशकलाई सो परियोजना हस्तान्तरण गरिएको हो । समारोहमा धनकुटा र हिले प्रशासनका प्रतिनिधि, कलपत्रु पावर ट्रन्समिसन लिमिटेडका अधिकारीका साथै स्थानीय समुदायका प्रतिनिधिहरुको उपस्थिति थियो । समारोहमा बोल्दै नियोग-उपप्रमुख खम्पाले भारत उर्जा क्षेत्रको सबै पक्षमा द्विपक्षीय सहकार्य गर्न प्रतिबद्ध रहेको चर्चा गरिन् ।

## नेपाल-भारतबीच संयुक्त सैनिक अभ्यास सम्पन्न

काठमाडौं । भारतको पिथौरागढमा सञ्चालित एक्स सूर्य किरण पन्ध्रौं समूहको नेपाल-भारत गुणस्तरीय संयुक्त सैनिक अभ्यास सम्पन्न भएको छ । नेपाली सेनाका प्रमुख सेनानीको नेतृत्वमा ३०० र भारतीय सेनाका ४०० जना फौजको सहभागिता रहेको उक्त अभ्यास असोज ४ देखि १६ गतेसम्म भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सैनिक युद्धकला, प्राकृतिक प्रकोप एवं कोभिड-१९ महामारीजस्ता विपद्का बेला सुरक्षा फौजको भूमिकाको व्यावहारिक अभ्यासका साथै सहभागी फौजले आ-आफ्नो पेशागत अनुभवसमेत अभ्यासका क्रममा साटासाट भएको थियो । भारतीय सेना मध्य कमाण्ड सेनापति रथी एसएस महलद्वारा शनिबार अन्तिम प्रवचन भएको उक्त अभ्यास समापन समारोहमा नेपाली सेनाको मध्य कमाण्ड सेनापति उपरथी विनयविक्रम राणा, ३ नम्बर बाहिनी अड्डाका बाहिनीपति सहायक रथी कुमारबाबु थापा तथा नेपाल र भारतका सैनिक सहचारीलगायत सहभागी रहेको सेनाले जनाएको छ ।













चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**















## मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधवार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं